# राष्ट्रिय बालश्रम निवारण प्रतिवेदन

## २०८२








नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरवार, काठमाडौं

# राष्ट्रिय बालश्रम निवारण प्रतिवेदन
## २०८२

नेपाल सरकार

**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**

सिंहदरवार, काठमाडौं

**प्रकाशक**

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**सिंहदरवार, काठमाण्डौ ।**

प्रतिः ५०० प्रति

प्रथम संस्करणः
प्रकाशन मितिः
असार, २०८२

**<u>संरक्षक</u>**

| | |
|---|---|
| सचिव | डा. कृष्णहरि पुष्कर |

**<u>सम्पादक मण्डल</u>**

| | |
|---|---|
| **संयोजक** | सहसचिव, श्री प्रदीप कुमार कोईराला |
| **सदस्यहरू:** | उपसचिव, श्री जितेन्द्र प्रसाद शर्मा |
| | उपसचिव, श्री गगनसिँह विष्ट |
| | उपसचिव, श्री रमेश पौडेल |
| | उपसचिव[१], श्री दिपक ढकाल |
| **सदस्य-सचिव** | शाखा अधिकृत, श्री महेश कृष्ण महर्जन |
| **सम्पादन सहयोगी** | श्री नारायण प्रसाद भट्टराई[२] |


**<u>सुझाव तथा सल्लाहको लागि सम्पर्क ठेगाना</u>**

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा
सिंहदरवार, काठमाण्डौ।
www.moless.gov.np
Email: info@moless.gov.np, childlabournepal@gmail.com
फोन नं. ०१-४२११९९१, ४२११६७८, ४२११८१५, फ्याक्सः ०१-४२११८७७
टोल फ्रि नं. ११४१

---

१ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

२ अन्तर्राष्ट्रिय श्रम संगठन, नेपाल

शरत सिंह भण्डारी
मन्त्री
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
Sharat Singh Bhandari
Ministry of Labour, Employment & Social Security

नेपाल सरकार
Government of Nepal

सिंहदरबार, काठमाडौं, नेपाल ।
Singhdurbar, Kathmandu, Nepal
फोन नं.: ९७७-०१-४२११६९६
इमेल: minister@moless.gov.np
वेवसाईट: www.moless.gov.np

च.नं. / Ref. No.:

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं



# शुभकामना सन्देश

बालश्रम विश्वव्यापी चिन्ता र बहसको विषय हो, हाम्रो जस्तो विकासोन्मुख राष्ट्रमा यसको असर अझै गहिरो, पीडादायी र बहुआयामिक रूपमा रहेको हुन्छ । बालबालिकाको जीवन रमाइलो, शिक्षामूलक अनुभव र सिर्जनशील उडानको समय हो, जुन उनीहरूको उज्यालो भविष्यको जग हो । तर जब कुनै बालकको कलिला हातले किताबको सट्टा हथौडा समाउन बाध्य हुन्छ, त्यो केवल बालकको अधिकारमाथिको हमला होइन, राष्ट्रको भविष्यमाथि नै प्रहार हो । नेपालको संविधानले बालबालिकाका सम्पूर्ण अधिकारहरूलाई सुनिश्चित गर्दै उनीहरूको सर्वोत्तम हितलाई केन्द्रमा राखेको छ ।

बालश्रम केवल आर्थिक अभावको परिणाम नभई सामाजिक, शैक्षिक, सांस्कृतिक र संरचनात्मक समस्या पनि हो । यिनै पक्षहरूको गहिरो विश्लेषण सहित तयार पारिएको **'राष्ट्रिय बालश्रम निवारण प्रतिवेदन २०८२'** प्रतिवेदन तथ्यमा आधारित, अनुसन्धानमुखी र नीति निर्माताका लागि मार्गदर्शक दस्तावेजको रूपमा कार्य गर्नेछ भन्ने मेरो विश्वास छ । यस प्रतिवेदनले बालश्रमको अवस्था, कारण, प्रभाव र विद्यमान कानुनी तथा संस्थागत प्रयासहरूको समिक्षा गर्दै आगामी कार्यदिशाको खाका प्रस्तुत गरेको छ । संघीयता कार्यान्वयनको वर्तमान सन्दर्भमा स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारबीच समन्वयमार्फत बालश्रम निवारणका कार्यक्रमहरू सुदृढ गर्न यो प्रतिवेदन अत्यन्त उपयोगी हुने कुरामा म विश्वस्त छु ।

यस राष्ट्रिय बालश्रम प्रतिवेदनलाई म केवल तथ्यको दस्तावेज होइन, परिवर्तनको खाका र प्रेरणाको स्रोतका रूपमा हेर्छु । यस प्रतिवेदन तयार पार्ने कार्यमा सहसचिव श्री प्रदीपकुमार कोईराला नेतृत्वमा रहेको मन्त्रालयको समर्पित टोलीलाई म विशेष धन्यवाद दिन चाहन्छु । म यही अवसरमा हाम्रो देशका सबै बालबालिकाले बालश्रम, शोषण, हिंसा र उपेक्षाबाट मुक्त भई संविधानले सुनिश्चित गरेको बाल अधिकारको पूर्ण उपयोग गर्न सकून् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु । बालश्रममुक्त, अधिकारसम्मत र समावेशी समाज निर्माणमा यो प्रतिवेदनले दूरगामी प्रभाव पारोस् भन्ने अपेक्षा गर्दछु ।

मा. शरत सिंह भण्डारी
मन्त्री

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्याः-

चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।



## मेरो भन्नु

"बालश्रममुक्त समाज निर्माण "समृद्ध राष्ट्रको आधार"

बालश्रम केवल व्यक्तिगत वा पारिवारिक विषय होइन; यो सामाजिक, आर्थिक तथा संरचनागत विसंगतिसँग गाँसिएको गम्भीर राष्ट्रिय चुनौती हो। यसले बालबालिकाको आधारभूत मानव अधिकारको हनन गर्नुका साथै शारीरिक, मानसिक र बौद्धिक विकासमा प्रतिकूल असर पार्छ । नेपालजस्तो विकासोन्मुख राष्ट्रका लागि बालश्रम अन्त्य गर्नु सामाजिक न्यायको सुनिश्चितता मात्र नभई दिगो र समावेशी विकासको आधार हो।

नेपाल सरकारले बालश्रम निवारणलाई उच्च राष्ट्रिय प्राथमिकता दिँदै विभिन्न नीतिगत, कानुनी, संस्थागत र कार्यक्रमगत पहलहरू सशक्त रूपमा अघि बढाएको छ। नेपाल अन्तर्राष्ट्रिय श्रम संगठनका महासन्धि नं. १३८ (न्यूनतम उमेरसम्बन्धी) र १८२ (निकृष्ट अवस्थाको बालश्रमसम्बन्धी) तथा संयुक्त राष्ट्रसंघको बालअधिकार महासन्धिको पक्षराष्ट्र हो। साथै, नेपालको दृढ अन्तर्राष्ट्रिय प्रतिबद्धता स्वरुप दिगो विकास लक्ष्य (SDG) अन्तर्गत एलाएन्स ८.७ मा नेपाल पथप्रदर्शक राष्ट्रको रूपमा काम गरिरहेको छ।

नेपालका प्रचलित कानूनी प्रवन्धहरुले बालश्रमलाई निषेध तथा नियमित गरेको छ, यी कानुनी व्यवस्था कार्यान्वयनमा ल्याउन "बालश्रम निवारण राष्ट्रिय गुरुयोजना, २०७५ – ८५" लागू गरिएको छ। यस गुरुयोजनाले शिक्षाको पहुँच विस्तार, सामाजिक संरक्षणको सुदृढीकरण, श्रम निरीक्षण प्रणालीको मजबुती, जनचेतना अभिवृद्धि तथा स्थानीय शासनसँगको समन्वयमार्फत बालश्रम अन्त्यको दिगो आधार निर्माण गर्ने लक्ष्य राखेको छ। यस सन्दर्भमा, मन्त्रालयबाट तयार पारिएको "बालश्रम निवारण सम्बन्धी राष्ट्रिय प्रतिवेदन २०८२" प्रकाशित गर्न पाउँदा हामी अत्यन्त हर्षित छौं । यो एउटा महत्वपूर्ण दस्तावेज हो, जसले हालसम्म भएका उपलब्धि, अभ्यास, चुनौती र सुधारका सम्भावित क्षेत्रहरूको समग्र विश्लेषण प्रस्तुत गरेको छ। यस प्रतिवेदनले नीति निर्माण, कार्यक्रम पुनःसंरचना र क्रियान्वयनमा दीर्घकालीन मार्गदर्शन गर्ने विश्वास लिएको छ।

प्रतिवेदन निर्माण कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न सहसचिव श्री प्रदीपकुमार कोइरालासहित सम्पूर्ण सहकर्मी, विज्ञ, प्रदेश तथा स्थानीय तहका प्रतिनिधि, विकास साझेदार, नागरिक समाज र सरोकारवाला निकायहरूलाई म कृतज्ञता व्यक्त गर्दछु । बालश्रम अन्त्य केवल कानुनी बाध्यताले सम्भव हुँदैन; यसका लागि सबै तहका सरकार, निजी क्षेत्र, सामाजिक संघसंस्था, विद्यालय, अभिभावक र आम नागरिकबीचको साझा संकल्प, प्रतिबद्धता र समन्वय अपरिहार्य छ। हामी सबैको एकजुट प्रयासबाट मात्र यस्तो समाज निर्माण सम्भव छ जहाँ हरेक बालबालिका शिक्षित, सुरक्षित र सम्मानित जीवन बाँच्न सकून्, र उनीहरूको अधिकारको पूर्ण सुनिश्चितता होस्।

२०८२ असार १३ गते

डा. कृष्णहरि पुष्कार
सचिव

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोनः- ११४१, ईमेलः- admin@moless.gov.np/info@moless.gov.np, वेब साईटः- www.moless.gov.np

नेपाल सरकार
# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

पत्र संख्या:-
चलानी नं.:-

सिंहदरबार, काठमाडौं
नेपाल ।



## प्राक्कथन

नेपाल सरकारले बालश्रम निवारणका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा विभिन्न प्रतिबद्धताहरू व्यक्त गर्दै आएको छ। नेपाल संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि, १९८९, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि संख्या १३८ (न्यूनतम रोजगारी उमेरसम्बन्धी) तथा महासन्धि संख्या १८२ (निकृष्ट अवस्थाका बालश्रम उन्मूलनसम्बन्धी) को नेपाल पक्ष राष्ट्र हो। साथै, दिगो विकास लक्ष्यमा सन् २०२५ भित्र सबै प्रकारका बालश्रम अन्त्य गर्ने समेत उद्देश्य रहेको छ। उक्त लक्ष्य प्राप्तिको लागि गठित एलाएन्स ८.७ मा नेपाल पथप्रदर्शक राष्ट्रको रुपमा सक्रिय छ। नेपालको संविधानले बालबालिकाको शिक्षा, स्वास्थ्य र संरक्षणलगायतका अधिकार सुनिश्चित गर्दै जोखिमयुक्त काममा बालबालिकालाई संलग्न गराउन निषेध गरेको छ। यसका साथै, श्रम ऐन, २०७४, बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ र नियमावली, २०६२ अन्तर्गत बालश्रम नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक कानुनी प्रावधानहरू निर्माण गरिएको छ।

विश्वव्यापी तथ्याङ्क अनुसार हाल झण्डै १३ करोड ८० लाख बालबालिका बालश्रममा संलग्न छन्, जसमध्ये करिब ५ करोड ४० लाख प्रत्यक्ष रुपमा जोखिमयुक्त श्रममा कार्यरत छन्। नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १६ लाख बालबालिका बालश्रममा संलग्न रहेको देखिएको थियो, जसमा ६ लाख २१ हजार जोखिमयुक्त श्रममा संलग्न थिए। पछि प्रकाशित श्रमशक्ति सर्वेक्षण, सन् २०१७/१८ अनुसार सोही उमेर समूहका १० लाख ८२ हजार बालबालिका बालश्रममा संलग्न रहेको र २ लाख २२ हजार जोखिमयुक्त श्रममा कार्यरत रहेको प्रतिवेदनले देखाएको छ। यस्ता तथ्याङ्कले नेपालमा बालश्रमको अवस्थामा क्रमशः सुधार आइरहेको संकेत गर्दछ, तथापि बालश्रम उन्मूलन अझै पनि चुनौतीपूर्ण कार्यका रुपमा रहेको छ। बालश्रममुक्त समाज निर्माण गर्ने उद्देश्यले नेपाल सरकारले १० वर्षीय बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५–२०८५) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। सो गुरुयोजनाले वि.सं. २०७९ सम्ममा जोखिमयुक्त तथा शोषणयुक्त बालश्रम अन्त्य गर्ने र वि.सं. २०८२ सम्ममा सम्पूर्ण बालश्रम अन्त्य गर्ने लक्ष्य लिएको छ।

यसै सन्दर्भमा, बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ लागू गरिएको छ, जसअनुसार हालसम्म १० वटा स्थानीय तह बालश्रममुक्त घोषणा भइसकेका छन्। पालिकाहरुका धेरै वडाहरु बालश्रम मुक्त घोषणा भईसकेको भएतापनि सिंङ्गो पालिका नभएको हुनाले राष्ट्रिय गणणामा तिनीहरु आउन नसकेके अवस्था छ । बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता, राष्ट्रिय कानुन, कार्यान्वयन संरचना, उपलब्धि, तथ्याङ्क तथा विश्लेषण समेटदै पहिलो पटक राष्ट्रियस्तरमा बालश्रमसम्बन्धी प्रतिवेदन प्रकाशित गर्न पाउँदा हामी गौरवान्वित छौं र अबका दिनमा प्रत्येक तीन-तीन वर्षमा यस प्रतिवेदन प्रकाशनलाई निरन्तरता दिने कुरामा हामी प्रतिवद्ध छौं ।

संघीय शासन प्रणाली अन्तर्गत बालश्रम निवारणको दायित्व तीनै तहका सरकारहरूको साझा जिम्मेवारी हो। यस प्रतिवेदनले नीति निर्माण, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा तीनै तहका सरोकारवाला सबै पक्षलाई मार्गनिर्देशन गर्ने विश्वास लिएको छ। स्थानीय तहहरूमार्फत बालश्रम अन्त्य गर्दै राष्ट्रलाई नै बालश्रममुक्त बनाउने दिशामा अगाडि बढ्न सम्पूर्ण सरकारी निकायहरू, विकास साझेदारहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, सञ्चार माध्यम लगायत सबै सरोकारवालाहरूलाई आफ्नो भूमिकाको प्रभावकारी निर्वाह गर्न हार्दिक अनुरोध गर्दछु।

यस प्रतिवेदनका लागि आवश्यक सूचना, तथ्याङ्क तथा सहयोग प्रदान गर्ने सबै संस्थाहरू प्रति आभार व्यक्त गर्दछु। साथै, प्रतिवेदनको सामग्री संकलन, सम्पादन तथा लेखन कार्यमा समर्पित रही मार्गदर्शन गर्नुहुने मा. मन्त्री शरतसिंह भण्डारीज्यू र आदरणीय सचिव डा. कृष्णहरि पुष्करज्यू तथा लेखन एंव प्रकाशनको क्रममा योगदान पुर्‍याउनु भएका सम्पादक मण्डका सदस्यहरु, आइ. एल. ओ. लगायतका विज्ञ महानुभावहरु तथा मन्त्रालयको बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखाका शाखा प्रमुख जितेन्द्र शर्मा र शाखा अधिकृत महेशकृष्ण महर्जनलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु।

२०८२/३/१५

प्रदीप कुमार कोईराला
सहसचिव

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
टोल फ्रि नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेव साईट:- www.moless.gov.np

# विषयसूची


कार्यकारी सारांश (Executive Summary)

परिच्छेद-एक १
बालश्रम निवारण १
१.१. पृष्ठभूमि १
१.२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय २
१.३. मन्त्रालयमा रहेको बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा ३
१.४. बालश्रम ४
१.५. बालकार्य ४
१.६ निकृष्ट प्रकारका बालश्रम ४
१.७. विश्वमा बालश्रमको अवस्था ४
१.८. नेपालमा बालश्रमको अवस्था ५

परिच्छेद-दुई ७
प्रतिबद्धता तथा नीतिगत र संरचनागत व्यवस्था ७
२.१. अन्तर्राष्ट्रिय प्रतिबद्धता ७
२.२. बालश्रम तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय कानून ८
२.३. बालश्रम तथा बालअधिकार सम्बन्धी संवैधानिक व्यवस्था ९
२.४. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ १०
२.५. श्रम ऐन, २०७४ र नियमावली, २०७५ मा बालश्रम निवारण सम्बन्धी व्यवस्था १२
२.६. बालबालिका सम्बन्धी ऐन, २०७५ १२
२.७. स्थानीय सरकार संचालन ऐन, २०७४ मा बालश्रम सम्बन्धी व्यवस्था १२
२.८. आवधिक योजनामा बालश्रम निवारण सम्बन्धी व्यवस्था १३
२.९. बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) १३
२.१०. बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ १७
२.११. बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) कार्यान्वयन कार्ययोजना १९
२.१२. बालश्रम निवारणका लागि संरचनात्मक व्यवस्था १९

२.१३. प्रदेशस्तरीय संरचना २३
२.१४. स्थानीय तह संरचना २४

परिच्छेद-तीन २५
बालश्रम निवारणका क्षेत्रमा भएका मुख्य उपलव्धिहरू २५
३.१. घट्दो बालश्रम २५
३.२. बालश्रममुक्त स्थानीय तह २५
३.३. बालश्रम अनुगमन, उद्धार, पुनर्मिलन, पुनःस्थापना तथा क्षतिपूर्ति र जरिवाना २६
३.४. जोखिमपूर्ण व्यवसाय वा कामहरूको सुची २८
३.५. स्थानीय तहमा सम्पर्क व्यक्ति तोकिएको २८
३.६. बालश्रम निवारण सम्बन्धी अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम २९
३.७. बालश्रम सम्बन्धी अनुगमन २९
३.८. बालश्रममा कार्य गर्ने संस्थाहरूका लागि बालश्रमिकको गोपनीयता सुनिश्चित गर्ने आचारसंहिता निर्माण ३०
३.९. बालश्रम विरुद्ध जनचेतनामूलक समाग्री निर्माण ३०

परिच्छेद-चार ३१
नेपालमा बालश्रम स्थितिको तुलनात्मक विश्लेषण ३१
४.१. बालबालिकाहरूको जनसांख्यिक विवरण ३१
४.२. उमेर समूहका आधरमा बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात ३२
४.३. नेपालमा बालश्रमको तुलनात्मक अवस्था ३२
४.४. प्रदेशगत रूपमा बालश्रम ३४
४.५. जोखिमयुक्त काममा संलग्न बालबालिकाको अवस्था ३५
४.६. क्षेत्रगत रूपमा बालश्रमको अवस्था ३७

परिच्छेद-५ ३९
निष्कर्ष ३९
सन्दर्भ सामाग्रीहरू ४१

अनुसूची -१ जोखिमपूर्ण व्यवसाय वा कामहरू ४२
अनुसूचीः२ आर्थिक वर्ष २०८१/८२ सम्म बालश्रममुक्त स्थानीय तह घोषणाका लागी यस मन्त्रालयबाट सशर्त अनुदान पठाईएका स्थानीय तहहरूको विवरण ४४
अनुसूचीः ३ बालगृह सञ्चालन अनुमति प्राप्त बालगृह र संस्थाहरू (२०८१/०८२) ५३

# कार्यकारी सारांश
## (Executive Summary)

बालबालिकाको जीवन, स्वास्थ्य, शिक्षा, मानसिक विकास र भविष्यमा प्रत्यक्ष वा परोक्ष असर पार्ने कुनै पनि श्रम बालश्रम हो। विशेषतः जब उनीहरूलाई जबर्जस्ती, आर्थिक बाध्यता वा प्रलोभनका आधारमा श्रममा संलग्न गरिन्छ, त्यो अवस्था गम्भीर मानव अधिकारको उल्लङ्घनमा पर्छ। बालश्रम केवल बालबालिकाको विकासमा अवरोध मात्र होइन, यो सामाजिक समानता, समावेशिता र दीगो विकासका लक्ष्यहरूमा समेत प्रतिकूल असर पार्ने संरचनात्मक समस्या हो।

बालश्रमले बालबालिकाको शारीरिक, मानसिक, नैतिक तथा सामाजिक विकासलाई बाधा पुऱ्याउँछ। यसले उनीहरूको शिक्षाको अधिकार खोस्ने मात्र होइन, उनीहरूलाई गरीबी, हिंसा र शोषणको चक्रमा अल्झाउने दीर्घकालीन असर पुऱ्याउँछ। अतः बालश्रम निवारणलाई केवल मानव अधिकारको प्रत्याभूतिको विषयको रूपमा मात्र नलिई, सामाजिक न्याय र समृद्ध राष्ट्र निर्माणको अनिवार्य आधारको रूपमा लिनुपर्ने आवश्यकता छ।

नेपाल सरकारले सन् १९९० मा संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ अनुमोदन गरेपछि बालबालिका संरक्षणसम्बन्धी नीति, कानून र संस्थागत संरचनामा क्रमशः सुधार ल्याउँदै आएको छ। महासन्धिको धारा ३२(१) ले राज्यहरूलाई बालबालिकालाई शोषणजन्य तथा विकासमा बाधा पुऱ्याउने श्रमबाट संरक्षण गर्न स्पष्ट दायित्व दिएको छ। वि.सं. २०७२ सालमा जारी भएको नेपालको संविधानको धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गर्दै शिक्षा, स्वास्थ्य, संरक्षण, सहभागिता, खेलकुद, अभिव्यक्ति, विशेष हेरचाहलगायतका अधिकार सुनिश्चित गरेको छ। साथै, धारा ५१ को नीति अन्तर्गत राज्यले बालबालिकाको सर्वोत्तम हितलाई केन्द्रमा राखेर नीति निर्माण र कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ।

अन्तर्राष्ट्रिय सन्दर्भमा, अन्तर्राष्ट्रिय श्रम सङ्गठनको सन् २०२० को प्रतिवेदन अनुसार विश्वभर १६ करोड बालबालिका बालश्रममा संलग्न थिए। सन् २०२४ मा प्रकाशित प्रतिवेदन अनुसार यो संख्या घटेर १३.८ करोड पुगेको थियो। तथापि, अझै ५.४ करोड बालबालिका जोखिमयुक्त श्रममा संलग्न छन्, जुन विश्वव्यापी बाल जनसंख्याको झण्डै ८ प्रतिशत हो। कृषिक्षेत्रमा सबैभन्दा धेरै अर्थात ६१ प्रतिशत बालबालिका श्रमिकका रूपमा कार्यरत छन्, जुन तथ्यले विकासशील मुलुकहरूमा बालश्रमको संरचनात्मक जटिलता देखाउँछ।

नेपालको सन्दर्भमा, नेपाल श्रमशक्ति सर्वेक्षण सन् २००८ अनुसार ५ देखि १७ वर्षका १६ लाख (२०.६%) बालबालिका श्रममा संलग्न थिए। सन् २०१७/१८ मा गरिएको पछिल्लो सर्वेक्षणले उक्त संख्या घटेर १० लाख ८२ हजार (१५.३%) मा झरेको देखाउँछ, जसमध्ये २.२२ लाख जोखिमयुक्त श्रममा छन्। यसले बालश्रम न्यूनीकरणमा नेपालले प्रगतितर्फ कार्य गरिरहेको संकेत गर्छ।

बालश्रम नियन्त्रण र निवारणका लागि नेपालमा विभिन्न कानुनी र नीतिगत व्यवस्था कार्यान्वयन गरिएका छन् । तीमध्ये प्रमुख रूपमा बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६, श्रम ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई लिन सकिन्छ साथै बालश्रम रोकथाम र नियन्त्रणका लागि विभिन्न नियमावलीहरू समेत यसमा महत्वपूर्ण छन् । विशेष गरी, बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५–२०८५) ले रणनीतिक दिशा प्रदान गर्दै जोखिमयुक्त बालश्रम २०७९ सम्ममा अन्त्य गर्ने र २०८२ सम्म सबै प्रकारका बालश्रम निवारण गर्ने लक्ष्य तय गरेको छ, हामी यस लक्ष्य प्राप्तिमा क्रियाशील रहिरहेका छौ ।

उक्त गुरुयोजनालाई कार्यान्वयन गर्न बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ तयार गरिएको छ, जसले स्थानीय सरकारहरूलाई बालश्रम नियन्त्रणमा प्रत्यक्ष भूमिका निर्वाह गर्न उत्प्रेरित गर्छ । यस्ता प्रयासहरूको बीचमा हालसम्म सरकारले बालश्रमसम्बन्धी कुनै राष्ट्रिय प्रतिवेदन औपचारिक रूपमा प्रकाशित गरेको थिएन । यस सन्दर्भमा, प्रस्तुत गरिएको प्रतिवेदन पहिलोपटक देशमा बालश्रमसम्बन्धी कानुनी, नीतिगत, कार्यक्रमगत तथा तथ्यांकीय अवस्थाको समग्र प्रतिविम्ब प्रस्तुत गर्ने दस्तावेजको रूपमा प्रकाशन गरिएको हो । यस पश्चात प्रत्येक तीन-तीन वर्षमा यस प्रकाशनलाई नियमित गर्ने हाम्रो प्रतिबद्धता रहेको छ । यस प्रतिवेदनले नेपालमा रहेको विद्यमान बालश्रमको अवस्था, नेपाल सरकार तथा सरोकारवालाका तर्फबाट भए गरेका प्रयासहरूको एकीकृत स्वरूप पस्कने प्रयास गरेको छ ।

यस प्रतिवेदनले बालश्रम न्यूनीकरणका क्षेत्रमा गरिएका प्रयास, उपलब्धिहरू, बाँकी चुनौतीहरू तथा सुधारका सम्भावनाहरू पहिचान गर्न सहयोग गर्छ । साथै, आगामी दिनमा नीतिनिर्माता, कार्यान्वयनकर्ता र सरोकारवाला निकायहरूलाई प्रमाणमा आधारित नीति तथा कार्यक्रम निर्माणका लागि सशक्त मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । बालश्रमको क्षेत्रमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ता र विज्ञहरूको जिज्ञासा समेत मेटाउने अपेक्षा यस प्रतिवेदनबाट लिइएको छ । बालश्रम निवारणको साझा उद्देश्य हासिल गर्न यस प्रतिवेदन एक महत्वपूर्ण स्रोतको रूपमा प्रयोग हुनेछ भन्ने विश्वास रहेको छ ।

परिच्छेद-एक

# बालश्रम निवारण

## १.१. पृष्ठभूमि

सामाजिक अपराध र मानव सभ्यताको अभिशापका रूपमा रहेको बालश्रमलाई मानव अधिकार हननका रूपमा पनि लिइन्छ । जहाँ बालश्रम हुन्छ, त्यो समाजलाई सभ्य, विकसित वा आधुनिक मान्न सकिदैन । बालश्रमले बालबालिकाको बालापन सम्बन्धी मौलिक अधिकार हनन् मात्र गर्दैन, उनीहरूको भविष्य समेत अन्धकारतिर धकेल्छ । बालश्रम भनेको श्रमको शोषणका साथै राष्ट्रको कर्णधारका रूपमा रहेका बालबालिकाको प्रतिभालाई कुण्ठित गर्ने कुसंस्कार पनि हो । बालश्रम निवारण गर्ने कार्य सरकारको एक महत्वपूर्ण जिम्मेवारी हो भने त्यसका लागि सहयोग पुऱ्याउनु आधुनिक सभ्य समाजको कर्तव्य हो ।

मानव सभ्यताको विकास र विश्वव्यापी औद्योगीकरणका कारण बालश्रम बढदै गएकोले अहिले नेपाल लगायत विश्वका अन्य विकासोन्मुख देशहरूमा बालश्रम एक महत्वपूर्ण मुद्दा बनेको छ । औपचारिक शिक्षा प्राप्त गर्न नसकेका, आर्थिक अवस्था कमजोर भएका परिवारका र परिवारविहीन बालबालिका अवाञ्छित श्रममा संलग्न हुन बाध्य छन । अर्कोतर्फ रोजगारदातामा देखिएको श्रम शोषणको नियत पनि बालश्रमको एउटा कारण देखिन्छ । श्रममा संलग्न हुनु परेका कारण बालबालिका औपचारिक शिक्षा हाँसिल गर्नबाट वञ्चित हुन्छन । फलस्वरूप वयस्क भएपछि उनीहरूको आय न्यून हुन्छ र यसबाट पछिल्लो पुस्तासमेत उही गरिबीको चक्रबाट गुज्रन बाध्य हुन्छ । यो कहिलै अन्त्य नहुने दुश्चक्रबाट व्यक्ति, परिवार र सिङ्गो समुदाय अल्झिरहेको हुन्छ । गरिबीको दुश्चक्र यहाँ पुनः दोहोरिन्छ ।

बालश्रम कानूनी दृष्टिकोणले बर्जित छ र यसलाई सामाजिक अपराधको रूपमा लिइन्छ । केही वर्षदेखि मात्र नेपालमा बालश्रमलाई एक सामाजिक, आर्थिक तथा मानवीय समस्याको रूपमा स्वीकार गर्न थालिएको हो । पछिल्लो समयमा नेपालमा बालश्रमविरूद्ध तीब्र रूपमा जागरूकता आइरहेको छ । बालबालिकाको संरक्षण र विकासका लागि कार्यान्वयन गरिएका कानुनी व्यवस्था र सामाजिक नीतिहरूले त्यसमा सघाइरहेका छन ।

संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३२ (१) मा राज्यपक्षहरूले आर्थिक शोषण र हानिकारक खालको काम गर्नबाट वा बालबालिकाको शिक्षामा प्रतिकुल असर पुग्ने वा बालबालिकाको स्वास्थ्य वा तिनीहरूको शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक विकासमा हानि पुग्ने कुनै पनि कामबाट संरक्षित हुन पाउने बालबालिकाको अधिकारलाई मान्यता दिइनेछ भनिएको छ । उनीहरूको मानसिक, शारीरिक, नैतिक, बौद्धिक र स्वास्थ्यमा असर गर्ने वा सामाजिक विकासमा असर गर्ने क्रियाकलापबाट उनीहरूलाई जोगाउनु पर्दछ । बालअधिकार सम्बन्धी महासन्धि, १९८९ ले राज्यले अन्तर्राष्ट्रिय मापदण्डका आधारमा रोजगारीमा सहभागी हुने न्यूनतम उमेर निर्धारण गर्नु पर्ने पक्षलाई समेत जोड दिएको छ ।

नेपालमा वि.सं. २०१३ सालबाट योजनाबद्ध विकासको थालनी भएसँगै बालबालिकाको शिक्षा, स्वास्थ्य, बाल संरक्षण लगायतका क्षेत्रमा उल्लेखनीय कार्यहरू भएको देखिन्छ । संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपाल सरकारले सन १९९० को सेप्टेम्बर १४ तारिख (२९ भदा, २०४७) मा अनुमोदन गरेपछि महासन्धिका प्राबधानहरूलाई कार्यान्वयन गर्न नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थामा सुधार हुँदैआएको छ। बालबालिकालाई सबै प्रकारका हिंसा र शोषणबाट मुक्त राखी आधारभूत बाल अधिकारको सुनिश्चितताका लागि गरिएका प्रयास र लगानीबाट बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन आएको देख्न सकिन्छ। यी प्रयासहरूलाई एकीकृत गर्दै नतिजामूलक ढङ्गबाट थप प्राथमिकता दिन आवश्यक देखिएको छ। नेपालको संविधान (२०७२) ले बालबालिकाको विकास, संरक्षण, सहभागिता र बाँच्न पाउने कुरालाई मौलिक हकका रूपमा अङ्गिकार गर्दै बालबालिकाको सर्वोत्तम हितलाई सम्मान गरिनु पर्ने व्यवस्था गरेको छ। नेपालको संविधानको धारा ३९ (४) मा “कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन” भन्ने व्यवस्था रहेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ७ मा १४ वर्षमुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु हुँदैन भन्ने उल्लेख गरिएको छ। त्यसैगरी बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ ले १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउन र १८ वर्ष उमेर नपुगेकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ।

नेपाल सरकारले बालश्रम सम्बन्धी गरेको अर्न्तराष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय कानूनहरूको परिपालना गरी बालश्रममुक्त समाज निर्माण गर्ने ध्ययेका साथ १० वर्षे बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरु योजना (२०७५-२०८५) कार्यान्वयनको चरणमा रहेको छ। उक्त गुरुयोजनाले बालश्रम निवारणका लागि ५ वटा रणनीति तय गरिएको छ। उक्त गुरुयोजनामा वि.सं. २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त बालश्रम अन्त्य गर्ने र वि. सं. २०८२ सम्ममा सबै प्रकारका बालश्रमको अन्त्य गर्ने लक्ष्य निर्धारण गरिएको छ । बालश्रम निवारण राष्ट्रिय गुरुयोजनाले तय गरेका रणनीतिको प्रभावकारी कार्यान्वयन गरी लक्ष्य हासिल गर्नका लागि बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ समेत निर्माण गरी लागु गरेको अवस्था रहेको छ। यस कार्यविधिमा उल्लेख भएका सूचकहरू पूरा गरी आफ्ना सबै वडाहरू बालश्रममुक्त गराई हालसम्म जम्मा १० वटा स्थानीय तहहरू बालश्रममुक्त स्थानीयत तह घोषणा भएका छन्।

## १.२. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

नेपालमा श्रमको मर्यादित र सुरक्षित व्यवस्थापनबाट रोजगारी सृजना, रोजगारीका लागि सीपयुक्त आवश्यक जनशक्तिको विकास, श्रमको क्षेत्रमा सामाजिक सुरक्षा, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यको प्रवर्द्धन, बालश्रम निवारण लगायतका कार्य मन्त्रालयबाट हुँदै आएको छ । वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु र वैदेशिक रोजगारबाट आर्जित सीप, प्रविधि, पुँजी र जाँगरको उपयोगबाट आन्तरिक रोजगारी प्रवर्द्धन गर्नु पनि यसै मन्त्रालयको जिम्मेवारीमा रहेकोछ।

मन्त्रालयको ऐतिहासिक विकासक्रम हेर्दा वि.सं.२०२८ मा श्रम सम्बन्धी मामिला हेर्न उद्योग मन्त्रालय अन्तर्गत श्रम विभागको स्थापना भएको पाइन्छ । श्रम विभाग स्थापना भएको एक दशक पछि वि.सं. २०३८ मा श्रम

तथा समाजकल्याण मन्त्रालयको स्थापना भयो । नेपाल सरकारबाटको कार्यविभाजन नियमावली परिवर्तन भई वि.सं.२०५२ मा समाज कल्याणको क्षेत्र अलग गरी श्रम मन्त्रालय मात्र कायम भएकोमा वि.सं.२०५७ मा यातायात व्यवस्थापनको क्षेत्र समेत समायोजन भइ श्रम तथा यातायात व्यवस्था मन्त्रालय कायम हुन गयो । यसै क्रममा वि.स.२०६९ मा यातायात व्यवस्थाको क्षेत्र अन्यत्र लगि श्रम तथा रोजगार मन्त्रालय नामाकरण भयो । पुनः मिति २०७४/१२/०३ मा कार्यक्षेत्र विस्तार भई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय कायम भएको हो ।

यस मन्त्रालयका उदेश्यहरूमा संविधानले प्रत्याभूत गरेको रोजगारीको हकलाई सुनिश्चित गर्न बेरोजगारी न्यूनिकरणका लागि देशमा नै मर्यादित रोजगारीका अवसरहरू सृजना गर्ने, सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारी बनाउने, आममानिसलाई सामाजिक सुरक्षाको दायरामा समेट्नका लागि एकीकृत सामाजिक सुरक्षा नीति अवलम्बन गर्ने, असल श्रम सम्बन्धको विकास गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, सबै प्रकारका श्रम शोषणका साथै बालश्रमको अन्त्य गर्ने र सामाजिक सुरक्षा व्यवस्थापन गर्ने लगायतका रहेका छन् ।

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ अनुसार यस मन्त्रालयको कार्यक्षेत्रमा श्रम तथा रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, वैदेशिक रोजगारसम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन, श्रमिक तथा कामदारको सामाजिक सुरक्षा र सामाजिक सुरक्षा कोष सञ्चालनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, औद्योगिक विवाद समाधान, रोजगारसम्बन्धी तथ्याङ्क, अध्ययन र अनुसन्धान, श्रम तथा व्यवसायजन्य स्वास्थ्य सुरक्षा निरीक्षण र श्रम-सम्बन्ध सम्बन्धी आयोग सम्बन्धी कार्य, रोजगार उन्मुख सीपमूलक एवं व्यावसायिक तालिम नीति, ट्रेड युनियनसम्बन्धी एकीकृत कानून र नियमन, बालश्रम निवारणसम्बन्धी नीति र कानून, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी नीति, कानून र मापदण्ड, विदेशीहरूका लागि श्रम स्वीकृति दिने, श्रम सहचारी सम्बन्धी कार्य, बेरोजगारसम्बन्धी एकीकृत तथ्याङ्क व्यवस्थापन, अध्ययन र अनुसन्धान, मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय तथा मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन गर्ने रहेका छन् ।

## १.३. मन्त्रालयमा रहेको बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा

यस मन्त्रालयमा रहेका चारवटा महाशाखाहरू मध्ये श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा अन्तर्गत बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा रहेको छ । यस शाखाले बालश्रम तथा बाध्यकारी श्रम निवारण र व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति, कानून, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन सम्बन्धी कार्य गर्ने, अध्ययन, अनुसन्धान,तथ्यांक संकलन, अद्यावधिक तथा विश्लेषणसम्बन्धी कार्य गर्ने, सेमिनार, तालिम, गोष्ठी आदि कार्यक्रमहरू संचालन गर्ने, निरीक्षण तथा अनुगमन गर्ने, जनचेतनामूलक प्रवर्द्धनात्मक कार्य गर्ने, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम संगठन, जी.टी.जेड. तथा अन्य दातृ राष्ट्र तथा संघ संस्थाहरूसंग समन्वय गर्ने, प्रतिष्ठानमा कार्यरत कामदार कर्मचारीहरूको व्यावसायजन्य सुरक्षासम्बन्धी कार्य गर्ने, बालश्रम निवारण समिति र बालबालिका विकास तथा पुनःस्थापना कोष संचालक समिति सम्बन्धी कार्य गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासंग आवश्यक सम्पर्क, समन्वय र सहकार्य गर्ने तथा एलायन्स ८.७ को सचिवालयको रूपमा कार्य गर्ने लगायतका कामहरू सम्पादन गर्दै आईरहेको छ ।

## १.४. बालश्रम

"बालश्रम" भन्नाले बालबालिकालाई उसको शारीरिक, मानिसक, सामाजिक, नैतिक र शैक्षिक विकासमा असर पर्ने श्रम, जोखिमपूर्ण काम वा व्यवसाय तथा निकृष्ट किसिमको काममा लगाएको कार्यलाई सम्झनु पर्दछ। चौध वर्ष उमेर नपुगेको बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउन कानूनले निषेध गरेको छ। तर बालबालिकाको आफ्नो बाबुआमा वा अभिभावकको संरक्षकत्वमा सामाजिकीकरण गर्न, सीपहरू सिक्न सिकाउनका लागि तथा बालबालिकाको शिक्षा, स्वास्थ्य तथा शारीरिक विकासमा बाधा नहुने गरी आफ्नै घर, विद्यालय वा समाजमा गरिने काम बालश्रम मानिदैन। तथापि कानूनद्वारा तोकिएको उमेर नपुगेका बालबालिकालाई श्रमिकको रूपमा काम लगाउने कार्य कानूनी दृष्टिकोणले बर्जित छ र यसलाई सामाजिक अपराधको रूपमा लिइन्छ।

## १.५. बालकार्य

'बाल कार्य' भन्नाले बाबु, आमा, संरक्षक, माथवर व्यक्ति वा परिवारको सदस्यले बालबालिकाको शारीरिक वा मानसिक स्वास्थ्य र शैक्षिक विकासमा असर नपर्ने गरी बालबालिकाको सामाजिकीकरणका लागि आफ्नो वा घरायसी जोखिमरहित हलुका किसिमका कामहरू वा बालबालिकाको सीप विकासको लागि स्वीकृत पाठ्यक्रम अन्तर्गत रही प्राविधिक तथा प्रयोगात्मक शिक्षामा सहभागी हुन तथा गराउन गरिएका वा लगाइएका कार्यहरू सम्झनु पर्दछ। १४ देखि १८ वर्ष मुनिका बालबालिकाले उनीहरूको शारीरिक, मानसिक, सामाजिक, नैतिक र शैक्षिक विकासमा असर नपर्ने गरी श्रम तथा रोजगार कार्यालयको स्वीकृती लिई जोखिमपूर्ण काम र निकृष्ट किसिमको काम बाहेकका हलुका किसिमका कामहरू गर्न सक्छन। नेपालको प्रचलित कानूनले यसलाई मान्यता प्रदान गरेको छ र यसमा थप कानूनी प्रष्टता ल्याउने कार्य भैरहेको छ।

## १.६ निकृष्ट प्रकारका बालश्रम

बालबालिकालाई काममा लगाउने क्रममा उनीहरूलाई निकृष्ट प्रकारका बालश्रममा लगाउन नपाइने र लगाएमा कानूनी दण्डको व्यवस्था रहेको छ। निकृष्ट प्रकारका बालश्रममा विशेषगरी दासत्व, बाध्यकारी श्रम, बालबालिकाको बेचविखन तथा ओसार पसार, बँधुवा श्रममा प्रयोग भएका बालबालिका, यौन व्यवसाय तथा अश्लील सामाग्रीको उत्पादनको लागि प्रयोग भएका बालबालिका, अवैध क्रियाकलाप जस्तै लागुपदार्थ उत्पादन, ओसारपसारमा प्रयोग भएका बालबालिका तथा बालबालिकाको स्वास्थ्य, सुरक्षा वा नैतिकतालाई हानि पुऱ्याउने प्रकृति वा परिस्थितिको कामलाई प्रष्ट्याइएको छ।

## १.७. विश्वमा बालश्रमको अवस्था

अन्तर्राष्ट्रिय श्रम संगठनको सन् २०१७ को ग्लोबल इस्टिमेट २०१२–२०१६, को प्रतिवेदन अनुसार विश्वमा ५-१७ वर्ष उमेर समूहका २१ करोड ८० लाख १९ हजार बालबालिका काममा संलग्न थिए। त्यसमध्ये १५ करोड १६ लाख २२ हजार बालबालिका बालश्रममा संलग्न रहेका थिए भने ७ करोड २५ लाख २५

हजार बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेको थियो । यो तथ्याङ्क अनुसार बालश्रममा संलग्न बालबालिकाहरूमध्ये झण्डै ५० प्रतिशत बालबालिका जोखिमपूर्ण काममा संलग्न रहेका थिए। ५ देखि १७ वर्ष उमेर समूहका बालबालिकाहरूको क्षेत्रगत बालश्रमको अवस्थालाई हेर्दा १७.२ प्रतिशत सेवा क्षेत्रमा, ११.९ प्रतिशत औद्योगिक क्षेत्रमा र ७०.९ प्रतिशत कृषि क्षेत्रमा संलग्न भएको पाइएको थियो । विश्वमै बालश्रमको ठूलो हिस्सा कृषि क्षेत्रमा रहेको थियो ।

त्यसैगरी, सोही सङ्गठनको सन् २०२० को Child Labour GLOBAL ESTIMATES 2020, TRENDS AND THE ROAD FORWARD सम्बन्धी प्रतिवेदनले विश्वमा बालश्रमको संख्या १६ करोड रहेको जनाएको थियो । जसमध्ये प्रत्यक्ष रूपमा जोखिमयुक्त काममा ७ करोड ९० लाख बालबालिका संलग्न रहेका थिए। त्यसैगरी, एशिया तथा प्यासिफिक क्षेत्रमा बालश्रमको संख्या ४ करोड ८७ लाख रहेको थियो।

सोही सङ्गठनको सन् २०२४ को Child Labour GLOBAL ESTIMATES 2024, TRENDS AND THE ROAD FORWARD सम्बन्धी प्रतिवेदन अनुसार विश्वमा बालश्रमको संख्या १३ करोड ८० लाख रहेको जनाएको छ। जसमध्ये ७ करोड ८० लाख बालक रहेका छन् भने ५ करोड ९० लाख बालिका रहेका छन् । यो तथ्याङ्क विश्वभरका सबै बालबालिकाहरूको झण्डै ८ प्रतिशत रहेको छ । यसमध्ये प्रत्यक्ष रूपमा जोखिमयुक्त काममा ५ करोड ४० लाख बालबालिका संलग्न छन् । एशिया तथा प्यासिफिक क्षेत्रमा बालश्रमको संख्या २ करोड ८० लाख रहेको छ। उक्त प्रतिवेदन अनुसार सवैभन्दा बढी कृषि क्षेत्रमा ६१ प्रतिशत बालबालिका बालश्रमको रूपमा संलग्न रहेको देखिन्छ । यसरी विश्वको बालश्रमको तथ्याङ्क हेर्दा बालश्रम क्रमशः घट्दै गईरहेको अवस्था रहेतापनि विश्वभर करोडौ बालबालिका अझै पनि बालश्रमिकको रूपमा संलग्न रहेको अवस्था देखिएको छ।

## १.८. नेपालमा बालश्रमको अवस्था

बालश्रमलाई विश्वव्यापी समस्याको रूपमा पहिचान गरिएको छ । यो समस्या अल्पविकसित मुलुकहरू झन समस्याग्रस्त अवस्थामा छ। यही समस्या समाधानका लागि बालश्रम विरूद्धका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्रिंदै आएको छ। यद्यपि अपेक्षित परिणाम प्राप्त हुन कठिन भइरहेको छ। लक्ष्य अनुसारको प्रगति समय सीमा भित्र हुन सकिरहेको छैन। केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ (वि.सं. २०६४) अनुसार १६ लाख बालबालिका बालश्रमिक रहेको देखाएको थियो भने त्यसमध्ये ६ लाख २१ हजार जोखिमपूर्ण प्रकारका बालश्रमिक रहेका थिए । त्यसको दशवर्ष पछि सन् २०१७/१८ मा सम्पन्न नेपाल श्रम शक्ति सर्भेक्षण, २०१७/१८ अनुसार १० लाख ८१ हजार बालबालिका बालश्रममा संलग्न रहेका र ती मध्ये २ लाख २२ हजार जोखिमपूर्ण प्रकारका बालश्रमिक रहेको देखिएको छ।

यो अवस्थामा केही प्रगति देखिएपनि बालश्रम न्युनिकरणमा अपेक्षित परिणाम प्राप्त हुन सकेको देखिएन। यही कारणले बालश्रम निवारणका लागि दस वर्षे राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) कार्यान्वयनको चरणमा रहेको छ। उक्त गुरुयोजनामा वि.सं. २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त बालश्रम अन्त गर्ने र वि. सं. २०८२

सम्ममा सबै प्रकारका बालश्रमको अन्त गर्ने लक्ष्य निर्धारण गरिएको छ। यसका लागि मन्त्रालयबाट बालश्रम विरूद्धमा विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। मन्त्रालयले प्रदेश सरकार, स्थानीय तह र अन्य सरोकारवालाहरूको समन्वय तथा सहयोगमा आफ्नो नीति, कार्यक्रम र बजेट कार्यान्वयन मार्फत् विभिन्न प्रकृतिका बालश्रम निवारण सम्बन्धी कार्यहरू गरिरहेको अवस्था छ। यसमा भएका नीतिगत र संरचनागत व्यवस्थाहरूको उपयोग गरी सचेतना, अन्तरक्रिया, अन्तरसंवाद, अनुगमन, निरीक्षण, नियमन, प्रोत्साहन एवं अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन र सालवसाली प्रतिवेदन लगायतका कार्यहरू सम्पादन गरिदै आएको छ।

परिच्छेद-दुई

# प्रतिबद्धता तथा नीतिगत र संरचनागत व्यवस्था

बालश्रम निवारण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको रूपमा संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९, रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३(नं. १३८), निकृष्ट अवस्थाका बालश्रम सम्बन्धी महासन्धि, १९९९ आदि रहेका छन् भने नीतिगत व्यवस्थाका लागि हाल विद्यमान रहेका नीतिहरू अन्तर्गत नेपालको संविधानको बालबालिका सम्बन्धी मौलिक हक र प्रावधानहरू, बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६, बालश्रम (निषेध तथा नियमित गर्ने) नियमावली, २०६२, बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरूयोजना, २०७५ - २०८५, बालश्रममुक्त स्थानीय तह घोषणा सम्बन्धी कार्यविधि, २०७७, श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५, कमैया श्रम (निषेध) सम्बन्धी ऐन, २०५८ नियमावली, २०६७, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, बालबालिका सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७६ रहेका छन।

## २.१. अन्तर्राष्ट्रिय प्रतिबद्धता

### २.१.१. संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९

नेपालले संयुक्त राष्ट्रसंघको बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० मा आत्मसात गर्यो। यस महासन्धिले बाल बालिकाहरूको आर्थिक शोषण र हानिकारक काम, सबै प्रकारका यौन शोषण तथा दुर्व्यवहार एवं शारिरीक तथा मानसिक हिँसाबाट सुरक्षित हुन पाउने अधिकारका साथै उनीहरूको ईच्छा विपरित आफ्नो परिवारबाट अलग गरिने छैनन भन्ने सुनिश्चितता गर्ने, आधारभूत अधिकारबारे स्पष्ट व्याख्या गरेको छ। यो महासन्धिले बालबालिकाको हक र अधिकार सुनिश्चत गर्नमा जोड दिएको छ। बालबालिकाले संसारको जहाँसुकै जन्मिएता पनि आधारभूत आवश्यकताबाट बञ्चित हुन नपर्ने यो महासन्धिको आधारभूत सिद्धान्त हो। यस महासन्धिको कार्यान्वयन गरेर नेपालले बालबालिकाको अधिकार कार्यान्वयन गर्न प्रतिबद्ध रहेको सन्देश दिएको छ।

### २.१.२. रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर सम्बन्धी महासन्धि, १९७३ (नं १३८)

नेपालले बालश्रम उन्मुलन गर्नका लागि विभिन्न अन्तर्राष्ट्रिय प्रतिबद्धता गरी कार्यान्वयन गर्दै आएको छ। नेपाल सरकारले सन् १९९७ मा न्यूनतम उमेर सम्बन्धी महासन्धि नं १३८ लाई समेत अनुमोदन गरी हाल कार्यान्वयनमा ल्याएको छ। यो महासन्धिमा हस्ताक्षर गर्ने राष्ट्रले रोजगारीमा संलग्न हुने न्यूनतम उमेर तोक्नु पर्दछ। यस महासन्धिले रोजगारीमा संलग्न हुन पाउने न्यूनतम उमेर १५ वर्ष (विकासोन्मुख देशमा १४ वर्ष) तोकेको छ जुन उमेर अनिवार्य शिक्षा प्राप्त गर्ने उमेर बराबर हुनु पर्दछ।

### २.१.३. निकृष्ट अवस्थाका बालश्रम सम्बन्धी महासन्धि, १९९९ (नं. १८२)

नेपाल सरकारले सन् २००२ मा यो महासन्धि अनुमोदन गरेको थियो । यसले बालबालिकालाई सबै प्रकारको दासत्व वा सो सरहको व्यवसाय जस्तैः बालबालिकाको बेचविखन, ऋण बधुवा, बलजफ्तीपूर्ण वा अनिवार्य रूपले बाध्यतामा गराईने श्रम वा बालबालिकालाई बेश्यावृत्तिको लागि प्रयोग गर्न पाईदैन भनेको छ । साथै गैर कानूनी क्रियाकलापहरू जस्तै बाल बेश्याबृत्ति, बाल अश्लील चित्र प्रदर्शन, सशस्त्र द्वन्द्वमा बालबालिकाको बलजफ्ती वा अनिवार्य प्रयोगका लागि बालबालिकाको ओसारपसार र बेचबिखन गर्न पाईने छैन भनेर निर्धारण गरेको छ। साथै, यस महासन्धिमा हस्ताक्षर गर्ने राष्ट्रले निकृष्ट किसिमको बालश्रममा भेटिएका बालबालिकाहरूको यथाशीघ्र उद्धार गरी तिनको पुनर्मिलन तथा पुनःस्थापनाका लागि प्रभावकारी व्यवस्थापन गर्नु पर्दछ।

### २.१.४. दिगो विकास लक्ष्य

सन् २०१५ सम्मको सहस्राब्दी विकास लक्ष्यको समयावधि सकिए लगत्तै विश्वमा दीगो विकास लक्ष्य (सन् २०१६–२०३०) निर्धारण गरिएको छ। जस अन्तर्गत तय गरिएका १७ वटा लक्ष्यहरूमध्ये बालबालिका सम्बन्धी मुख्य सूचक, स्थिति र परिलक्ष्य निर्धारण गरी कार्यान्वयन रहेको अवस्था छ। संयुक्त राष्ट्रसंघले आगामी सन् २०३० सम्ममा पूरा हुने गरी दिगो विकास लक्ष्यहरू निर्धारण गरेको छ। त्यसको आठौं लक्ष्य "समावेशी तथा दिगो आर्थिक विकास, रोजगारी र सबैका लागि मर्यादित काम प्रवर्द्धन" मा बालश्रम निवारण गर्ने लक्ष्य समेत समावेश गरिएको छ। यसै लक्ष्यको सातौं बुँदामा "बाध्यकारी श्रम उन्मूलन, आधुनिक दासत्व अन्त्य, निकृष्ट प्रकारको बालश्रम निषेध र निवारणका अतिरिक्त बालसैनिक भर्ना र प्रयोग तथा सन् २०२५ सम्म सबै प्रकारका बालश्रम अन्त्य गर्न तत्काल प्रभावकारी उपायहरू अपनाउने" लक्ष्य निर्धारण गरिएको छ। संयुक्त राष्ट्रसंघको सदस्य राष्ट्रको रूपमा नेपालले यो लक्ष्य पूरा गर्न सबै प्रकारको प्रयत्न गर्ने उदेश्ये बालश्रम उन्मूलन सम्बन्धी राष्ट्रिय गुरूयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

## २.२. बालश्रम तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय कानून

नेपालमा वि.सं २०१३ सालबाट योजनाबद्ध विकासको थालनी भएसँगै बालबालिकाको शिक्षा, स्वास्थ्य, बाल संरक्षण लगायतका क्षेत्रमा उल्लेखनीय कार्यहरू भएको देखिन्छ। संयुक्त राष्ट्र संघीय बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लाई नेपाल सरकारले सन १९९० को सेप्टेम्बर १४ तारिख (२९ भदौ, २०४७) मा अनुमोदन गरेपछि महासन्धिका प्राबधानहरूलाई कार्यान्वयन गर्न नीतिगत, कानूनी, संस्थागत र कार्यक्रमगत व्यवस्थामा सुधार हुँदै आएको छ। बालबालिकालाई सबै प्रकारका हिंसा र शोषणबाट मुक्त राखी आधारभूत बाल अधिकारको सुनिश्चितताका लागि गरिएका प्रयास र लगानीबाट बालबालिकाको जीवनमा सकारात्मक परिवर्तन आएको देख्न सकिन्छ। यी प्रयासहरूलाई एकीकृत गर्दै नतिजामूलक ढङ्गबाट थप प्राथमिकता दिन आवश्यक देखिएको छ।

नेपालको संविधान (२०७२) ले बालबालिकाको विकास, संरक्षण, सहभागिता र बाँच्न पाउने कुरालाई मौलिक हकका रूपमा अङ्गिकार गर्दै बालबालिकाको सर्वोत्तम हितलाई सम्मान गरिनु पर्ने व्यवस्था गरेको छ। नेपालको

संविधानको धारा ३९ (४) मा "कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन" भन्ने व्यवस्था रहेको छ । त्यसैगरी बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ ले १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउन र १८ वर्ष उमेर नपुगेकालाई जोखिमपूर्ण काममा लगाउन निषेध गरेको छ । त्यसैगरी, बालबालिका सम्बन्धी ऐन, श्रम ऐन, स्थानीय सरकार सञ्चालन ऐन लगायतमा समेत बालश्रम निषेध सम्बन्धी व्यवस्था गरिएको छ ।

## २.३. बालश्रम तथा बालअधिकार सम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संवैधानिक इतिहासमा पहिलोपल्ट अन्तरिम संविधान २०६३ मा मौलिक हक अन्तर्गत बालबालिकाको हक राखिएको थियो । नेपालको संविधानले त्यसलाई अझ थप व्यवस्थित गरेको छ । नेपालको संविधानको धारा ३९ मा बाल–बालिकाको हक अन्तर्गत १० वटा उपधारामा बालबालिकाको बचावट, विकास, संरक्षण र सहभागिता लगायतको हकको प्रत्याभूति गरिएको छ । नेपालको संविधानमा राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ को बुँदा (ञ) को सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गतको उपबुँदा (५) मा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने भन्ने व्यवस्था भएको छ । यस संविधानमा बाल अधिकारका मूलभूतः सिद्धान्तहरूसहित बाल अधिकारका आधारभूत मान्यताहरूलाई स्पष्ट रूपमा अङ्गीकार गरिएकोले बाल अधिकारको दृष्टिकोणबाट नेपालको संविधानले यस विषयमा पर्याप्त ध्यान दिएको देखिन्छ ।

नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक सम्बन्धमा स्वष्ट व्यवस्था गरेको छ, यसलाई प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामाकरण र जन्मदर्ताको हक हुने, प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने जस्ता हक अधिकारद्वारा स्पष्टता दिइएको छ । यसका साथै, नेपालको संविधानमा कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन, कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्नपाइने छैन, कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन, कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक,मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन भनी स्पष्ट व्यवस्था गरिएको छ । यी कार्यहरू संविधानद्वारा नै निषेध गरिएको अवस्था छ ।

यसबाहेक, प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुने, असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुबिधा पाउने हक हुने तथा संविधान प्रदत्त हक विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुने र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक समेत सुनिश्चित गरिएको छ । संविधानको धारा ३९ ले बालबालिका सम्बन्धी विशेष व्यवस्थाका अतिरिक्त मौलिक हक र कर्तव्य अन्तर्गतका अन्य ९ वटा धाराहरूमा प्रत्यक्ष वा परोक्ष रूपमा बालबालिकाको विकास र संरक्षणसँग सम्बन्धित अधिकार समावेश भएका छन् । यसै गरी संविधानको धारा

४३ मा सामाजिक सुरक्षाको हक अन्तर्गत आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षा प्राप्त हुने हकको व्यवस्था गरेको छ ।

संविधानको भाग ४ मा रहेको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व अन्तर्गत धारा ५१ मा रहेको राज्यका नीतिहरूमा श्रम र रोजगार सम्बन्धी नीति उल्लेख गरी बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने उल्लेख गरिएको छ । यसमा रहेको सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति अन्तर्गत बालबच्चाको पालन पोषण, परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने, बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने तथा मुक्त कमैया, कम्हलरी, हरूवा, चरुवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोवासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषि योग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गरिने आश्वस्तता प्रदान गरिएको पाइन्छ । संविधानको धारा ५२ मा राज्यको दायित्वः नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई अक्षुण्ण राख्दै मौलिक हक तथा मानव अधिकारको संरक्षण र संवर्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै नेपाललाई समृद्ध तथा समुन्नत बनाउने राज्यको दायित्व हुने भनी उल्लेख गरिएको छ ।

## २.४. बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६

नेपाल सरकारले बालश्रम न्यूनीकरण गर्नका लागि बालश्रम (निषेध तथा नियमिति गर्ने) ऐन, २०५६ पारित गरी कार्यान्वयनमा रहेको अवस्था छ । यस ऐनमा १८ वर्ष मुनिका बालबालिकालाई कालकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्न गरेको छ । साथै कसैलेपनि १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउन नपाउने व्यवस्था गरेको छ ।यस ऐनले बालबालिकालाई कल कारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन निषेध गर्ने, बालबालिकालाई अन्य काममा लगाउँदा उनीहरूको स्वास्थ्य, सुरक्षा तथा सेवा र सुबिधा सम्बन्धमा व्यवस्था गर्ने, १४ वर्षमुनिका बालबालिकालाई काममा लगाउन निषेध गर्ने र बालबालिकाहरूको सर्वाङ्गीण हितको लागि आवश्यक संरक्षणको व्यवस्था मिलाउने उद्देश्यहरू राखेको देखिन्छ ।

यस ऐनले बालबालिकालाई काममा लगाउन नहुने भनी ऐनको दफा (३) मा कसैले पनि चौध वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु हुँदैन, कसैले पनि बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउनु हुँदैन र कसैले पनि बालबालिकालाई ललाई फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दवाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रूपमा काममा लगाउनु हुँदैन भनी स्पष्टका साथ उल्लेख गरेको छ । यस ऐनले बालश्रमको लागि अवलम्बन गर्नुपर्ने कार्यको रूपमा ऐनले १४ वर्ष उमेर पुगिसकेका बालबालिकालाई कुनै काममा लगाउनु पर्ने भएमा सम्बन्धित श्रम तथा रोजगार कार्यालय वा सो कार्यालयले तोकेको अन्य कुनै निकाय वा अधिकारी र बालकको बाबु, आमा वा संरक्षकको स्वीकृति लिनु पर्नेछ तर नेपाल सरकारबाट स्वीकृति प्राप्त शिक्षण संस्था वा बालबालिकाको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानून बमोजिम स्थापित संस्थाद्वारा बालबालिकाको बृहत हितको निमित्त आयोजना गरिने काममा वा सांस्कृतिक कार्यक्रममा लगाउन स्वीकृति लिनु नपर्ने व्यवस्था गरेको छ ।

यसरी स्वीकृति दिंदा श्रम तथा रोजगार कार्यालयले सम्बन्धित प्रतिष्ठानलाई बालबालिकाको सीप र योग्यताको विकास गर्ने तथा शिक्षा प्रदान गर्ने उद्देश्यले उपयुक्त शर्तहरू लगाउन सक्ने र प्रतिष्ठानले यसको पालना गर्नु पर्ने व्यवस्था रहेको छ । प्रतिष्ठानले बालबालिकालाई श्रमिकको रूपमा काममा लगाउनु अघि त्यस्तो बालबालिकाले श्रमिकको रूपमा काम गर्न सक्ने योग्यताको प्रमाणपत्र लिनु पर्ने, बालबालिकालाई काममा लगाउने प्रतिष्ठानले काममा लगाएको मितिले पन्ध्र दिनभित्र त्यस्तो बालबालिकाको फोटोसहितको विवरण श्रम तथा रोजगार कार्यालयमा पेश गर्नु पर्ने, प्रतिष्ठानमा काम गर्ने बालबालिकाको स्वास्थ्य र सुरक्षाका सम्बन्धमा व्यवस्थापकले पर्याप्त साबधानी अपनाउनु पर्ने र कुनै पनि बालबालिकालाई विना पारिश्रमिक काममा लगाउन पाइने छैन तथा काममा लगाएपछि उचित पारिश्रमिक र सुबिधाको व्यवस्था विना भेदभाव गर्नु पर्ने वाध्यात्मक व्यवस्था गरेको छ ।

बालबालिकालाई काममा लगाउने समयका सन्वन्धमा ऐनको दफा ९ बमोजिम बालबालिकालाई बेलुका ६.०० बजेपछि बिहान ६.०० बजेसम्मको अवधिभर काममा लगाउनु नहुने तथा बालबालिकालाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु नहुने व्यवस्था मिलाएको छ । बालबालिकालाई प्रत्येक दिन लगातार तीन घण्टा काम गरेपछि आधा घण्टा आराम गर्ने समय र प्रत्येक सप्ताहमा एक दिनको बिदा दिनु पर्ने, प्रत्येक दिनको आधा घण्टाको आराम गर्ने समय र प्रत्येक सप्ताहको एक दिनको बिदा काम गरेको अवधि मानिने तथा एकै दिन एउटा प्रतिष्ठानमा काम गरिसकेको बालबालिकालाई सोही दिन पुनः अर्को प्रतिष्ठानमा काममा लगाउन नहुने प्रष्ट व्यवस्था गरेको छ ।

यस ऐनले बालबालिकालाई ऐनको वर्खिलापमा काममा लगाएमा वा ऐनका अन्य प्राबधानहरू उल्लङ्घन गरेमा दण्ड सजाय र यसका पुनरावेदन सम्बन्धी व्यवस्था समेत गरेको छ । ऐनले बालश्रम संग सम्बन्धित कसुरमा प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारी, सम्बन्धित इलाकाको प्रहरी, सम्बन्धित बालबालिका वा निजको बाबु, आमा वा संरक्षक, सम्बन्धित गाउँपालिका वा नगरपालिका, प्रतिष्ठान स्तरको ट्रेड युनियन वा बालबालिकाको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानूनबमोजिम स्थापित निकाय वा गैरसरकारी संस्थाले सम्बन्धित श्रम तथा रोजगार कार्यालयमा उजुरी दिन सक्ने व्यवस्था गरेको छ । कसैले चौध वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकको रूपमा काममा लगाएमा निजलाई तीन महीनासम्म कैद वा दश हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था रहेको छ ।

कसैले जोखिमपूर्ण व्यवसाय वा काममा लगाएमा वा बालबालिकालाई इच्छा विरुद्ध काममा लगाएमा निजलाई एक वर्षसम्म कैद वा पचास हजार रूपैयाँसम्म जरिबाना वा दुबै सजाय हुने, कुनै व्यवस्थापकले स्वीकृति नलिएको, योग्यताको प्रमाण पत्र नलिएको, काममा लगाउने समय विपरीत काम लगाएको, उचित पारिश्रमिक र सुबिधा नदिएको, बालबालिकाको सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्थाको विपरीत कुनै काम गरेमा निजलाई दुई महिनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने, कुनै व्यवस्थापकले श्रम तथा रोजगार कार्यालयमा सूचना नदिएको, दर्ता किताब नराखेको, सूचना पाटीमा सूचना टाँस नगरेको अवस्थामा निजलाई एक महिनासम्म कैद वा तीन हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने तथा कसैले माथि उल्लेख गरेका कसुर बाहेक यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा निजलाई पन्ध्र दिनसम्म कैद वा एक हजार रूपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था रहेको छ ।

बालश्रम सम्बन्धी कसुर पटक पटक गरेमा त्यस्ता पटकेलाई सजाय र पुनः सोही काम गरेमा निजलाई पटकै पिच्छे उल्लिखित सजायको दोब्बर सजाय हुने तथा यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमको उल्लङ्घन गर्ने व्यक्तिलाई सजाय गर्ने अधिकार श्रम तथा रोजगार कार्यालयलाई हुने भनी जरिवाना गर्ने अधिकारमा स्पष्टता रहेको छ। श्रम तथा रोजगार कार्यालयले गरेको सजाय उपर चित्त नबुझ्ने व्यक्तिले त्यस्तो सजायको आदेश पाएको मितिले पैंतीस दिनभित्र श्रम अदालतमा पुनरावेदन गर्न सक्ने ब्यवस्था समेत रहेको छ।

## २.५. श्रम ऐन, २०७४ र नियमावली, २०७५ मा बालश्रम निवारण सम्बन्धी व्यवस्था

श्रम ऐनको दफा ४ मा कुनै श्रमिकलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा बाँधाश्रममा लगाउन हुँदैन भन्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ५ मा कसैले पनि बालबालिकालाई कानून विपरीत हुने गरी कुनै काममा लगाउन निषेध गरिएको छ भने सोही ऐनको दफा ९४(१)छ. मा बालबालिकालाई काममा लगाएको/नलगाएको सम्बन्धमा निरीक्षण गरी लगाएको देखिएमा तत्काल उद्धार गर्ने र रोजगारदातालाई कारबाही गर्ने सम्बन्धी व्यवस्था रहेको छ। साथै, ऐन कार्यान्वयनको क्रममा प्रतिष्ठानहरूमा गरिने श्रम अडिटमा समेत बालश्रमको अवस्था जनाई प्रतिवेदन राख्ने गरिएको छ।

## २.६. बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ ले १८ वर्षमुनिका व्यक्तिलाई बालबालिका भनी परिभाषित गरेको छ। प्रत्येक बालबालिकालाई आर्थिक शोषण हुनबाट संरक्षण पाउने अधिकार हुनेछ र बालबालिकालाई हानि हुने वा उनीहरूको शिक्षामा बाधा–अड्चन पुग्ने वा स्वास्थ्य, शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासमा हानि पुग्ने कुनैपनि कामबाट संरक्षण पाउने अधिकार रहेको छ। कुनै पनि बालबालिकालाई सेना, प्रहरी, सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्व वा राजनीतिक उद्देश्यको लागि प्रयोग गर्न नपाइने तथा बालबालिका प्रति प्रत्येक अभिभावक, संरक्षक तथा राज्यको दायित्व रहने छ, दायित्व पूरा नगरेमा कानून बमोजिम सजाय समेतको व्यवस्था गरिएको छ।

## २.७. स्थानीय सरकार संचालन ऐन, २०७४ मा बालश्रम सम्बन्धी व्यवस्था

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत उपदफा (२) (ग) को बुँदा नं. (३२) मा बालविवाह, बहुविवाह, लैङ्गिक हिँसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने भन्ने व्यवस्था रहेको छ। स्थानीय सरकारले औपचारिक र अनौपचारिक क्षेत्रमा बालश्रमिक भए/नभएको अनुगमन गर्ने, बालश्रम निवारणका कार्यक्रम संचालन गर्ने र स्थानीय स्तरमा चेतना अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ। सामान्यतः बालश्रमको आपूर्ति ग्रामीण क्षेत्रबाट हुने र उपभोग शहरी क्षेत्रमा हुने भएकोले बालश्रम निषेध र निवारणको मुख्य जिम्मेवारी स्थानीय तहहरूको र नगरपालिकाहरूको रहने व्यवस्था रहेको छ।

## २.८. आवधिक योजनामा बालश्रम निवारण सम्बन्धी व्यवस्था

**तेहौं आवधिक योजना (२०७०/७१–२०७२/७३)** ले सबै किसिमको बालश्रम उन्मूलन गर्ने नीति लिएको थियो। उक्त योजनाको कार्यनीतिमा "निकृष्ट बालश्रम निवारणका लागि कार्यक्रमहरू सञ्चालन गरी बालश्रमिकहरूको उद्धार र पुनःस्थापना गरिनेछ र बालश्रम सम्बन्धी नीति, कानून र कार्यक्रम सुधार गरिनेछ" भन्ने उल्लेख गरिएको थियो। यस अनुरूप बालश्रम निवारणका लागि नयाँ गुरूयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइने कार्यक्रम तय गरिएको थियो।

**चौधौं योजना (२०७३/७४–२०७५/७६)** मा उल्लेख भएको श्रम तथा रोजगारी रणनीतिको बुँदा नं ३ मा "श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने" र कार्यनीतिमा "बालश्रम सम्बन्धी नीति, कानून र कार्यक्रममा सुधार गरिनेछ र निकृष्ट प्रकृतिका बालश्रम निवारण र बालश्रम न्यूनीकरणका लागि कार्यक्रम सञ्चालन गरी बालश्रमिकहरूको उद्धार र पुनस्थापना" गर्ने विषय उल्लेख रहेको पाइन्छ।

**पन्ध्रौ योजना(२०७६/७७–२०८१/८२)** आधारपत्रमा राज्यले सबै प्रकारका बालश्रम अन्त गर्ने सम्बन्धी रणनीति तथा कार्यनीति समावेश गरिएको छ। सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक कानुनी व्यवस्था गरिनेछ। जुनसुकै क्षेत्रमा कार्यरत श्रमिकहरूको अनुगमन गरी बाल श्रमिकको उद्धार तथा पुनःस्थापना गरिने तथा प्रदेश तथा स्थानीय तह समेतबाट सबै प्रकारका बालश्रमको अन्त्यका लागि कानुनी, नीतिगत तथा कार्यक्रमगत व्यवस्था गरिने कुरा उल्लेख छ।

**सोह्रो योजना (२०८१/८२-२०८५/८६)** मा बालश्रमको सघन कारण पहिचान गर्दै बालश्रम निवारणका लागि बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५-२०८५ लागु गरी बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने कार्यलाई अगाडी बढाईएको छ। निकृष्ट प्रकारको बालश्रम र जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाहरूको उद्धार र संरक्षण गर्ने, सबै प्रकारका बालश्रम अन्त्यका लाग सबै उद्योग, कलकारखाना, व्यवसायका क्षेत्रमा स्वीकृति तथा नविकरणका समयमा बालश्रममुक्त कार्यस्थल सुनिश्चत गर्न पूर्वपरिक्षण अनिवार्य लागु गर्ने विषय उल्लेख भएको पाईन्छ।

## २.९. बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५)

अन्तर्राष्ट्रिय श्रम संगठनको न्यूनतम उमेर सम्बन्धी महासन्धि नं. १३८ निकृष्ट प्रकारको बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १८२ नेपालले अनुमोदन गरिसकेको सन्दर्भमा सो कार्यान्वयन गर्न बालश्रम निवारणका लागि योजनाबद्ध प्रयास आवश्यक छ। चौधौ योजना र नेपाल सरकारका विषयगत मन्त्रालयहरूले सञ्चालन गर्ने कार्यक्रम एवम आयोजनाहरूले बालश्रम निवारण गर्न केही न केही योगदान दिईरहेको छ। तर छरिएर रहेका त्यस्ता प्रयासले अपेक्षित उपलब्धि दिन कठिनाई हुने हुँदा यी प्रयासहरूलाई समन्वयात्मक किसिमबाट एकीकृत र सामन्जस्यपूर्ण किसिमले सञ्चालन गर्न सके मात्र अपेक्षित प्रतिफल पाउन सकिने अवधारणाले गुरुयोजना ल्याइएको हो ।

बालश्रम निवारण र बालबालिकाको हक हित संरक्षणका लागि प्रत्यक्ष र परोक्ष रूपमा संचालित आयोजन तथा कार्यक्रम र आयोजनाहरू बीच समन्वयात्मक तथा सामन्जस्यतापर्ण सम्बन्ध कायम राख्न गुरुयोजना उपयोगी हुने अपेक्षा गरिएको छ। बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-८५) ले नेपालबाट सबै प्रकारको बालश्रम पूर्णरूपमा निवारण गरी मुलुकलाई वालश्रम रहित बनाउने उद्देश्य राखेको छ। जस अनुसार वि.सं २०७९ सम्ममा निकृष्ट र शोषणयुक्त प्रकारको बालश्रम निवारण गर्ने लक्ष्य छ भने वि.सं. २०८२ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्ने लक्ष्य गुरु योजनाले राखेको छ।

### २.९.१. गुरुयोजनाले लिएका रणनीति

**बालश्रम निवारणका सम्बन्धमा** गुरुयोजनाले प्रमुखरूपमा पाँचबटा रणनीति लिएको छ। पहिलो रणनीतिमा **बालश्रम निवारण** सम्बन्धी **नीतिगत, कानूनी र संस्थागत व्यवस्थामा सुधार गरी सोको प्रभावकारी कार्यान्वयन गर्ने भनिएको छ र यसमा** बालश्रम निवारणका लागि गहन एवम व्यवहारिक अध्ययन अनुसन्धान गरी सोका आधारमा आवश्यक पर्ने सबै राष्ट्रिय नीति एवम् कानूनमा संशोधन र आश्यकता अनुसार नयाँ नीति तथा कानून तर्जुमा गरी सो अनुकूलको संरचना निर्माण गर्ने।

**दोस्रो रणनीतिको रूपमा बालश्रम निवारणसँग सम्वद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने भनी** बालश्रम निवारणका लागि काम गर्ने सरकारी, गैरसरकारी, निजी क्षेत्र र सामाजिक संघ संस्था तथा प्रतिष्ठान, बाल क्लब तथा सामाजिक संस्थाहरूको संस्थागत एवम् संरचनागत सुधारका साथै मानव संशाधनको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरी बालश्रम निवारणका लागि सवल एवम् अनुकुल वातवरण सिर्जना गर्ने भनिएको छ। तेस्रो रणनीतिको रूपमा **बालश्रममा परेका बालबालिकाको नियमित खोजी, अनुगमन, उद्धार र पुनःस्थापना गर्ने** भनी ग्रामीण तथा शहरी क्षेत्रमा बालश्रममा रहेका एवम् बालश्रमको जोखिममा रहेका बालबालिकाहरूको अवस्था पहिचान गर्न नियमित अनुगमन गरी उनीहरूको त्यस्तो अवस्थाबाट उद्धार गरी परिवार तथा समाजमा पुनःस्थापना मार्फत बालश्रमको अवस्थाबाट मुक्त गर्ने भनिएको पाइन्छ।

**चौथो रणनितिको रूपमा प्रत्यक्ष लक्षित कार्यक्रम मार्फत बालश्रमको जोखिममा परेका बालबालिका तथा तिनका परिवारका लागि आवश्यक सहयोग उपलब्ध गराउने भनी** आर्थिक तथा सामाजिक कारणले आफ्ना बालबालिकालाई बालश्रममा पठाउन बाध्य परिवारहरूको पहिचान गरी त्यस्ता परिवारहरूलाई उपयुक्त विकल्प प्रदान गर्न लक्षित कार्यक्रम संचालन गर्ने तथा लक्षित कार्यक्रम मुलतः शिक्षा, सीप विकास, जिविकोपार्जनका वैकल्पिक उपाय जस्ता विषयमा केन्द्रित गर्ने भनिएको छ। पाँचौ **रणनीतिको रूपमा सरोकारवालाहरू बीच सहकार्य, समन्वय र संजाल स्थापना गरी सञ्चालन गर्ने भनी** बालश्रम निवारणमा क्रियाशील निकाय तथा संघ संस्थाहरू बीच समन्वय र समझदारी कायम गर्दै औपचारिक तथा अनौपचारिक सञ्जाल स्थाना गरी कार्यक्रमहरू प्रभावकारी रूपमा संचालन गर्ने विषय प्रष्ट्याइएको पाइन्छ।

### २.९.२. बालश्रमको लक्षित समूह

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को दफा ३ बमोजिम बालश्रमको दायरामा परेका र पर्न सक्ने सबै बालबालिकालाई गुरुयोजनाले लक्षित गरेको छ । बेचविखन तथा ओसारपसारमा परेका बालबालिकालाई विशेष ध्यान दिदै अघिल्लो राष्ट्रिय गुरु योजनामा पहिचान गरिएका प्राथमिकतालाई समेत ध्यानमा राखी गुरुयोजनामा निम्न लिखित बालश्रमलाई खास लक्षित समूहको रूपमा पहिचान गरिएको छ ।

(१) घरेलु बालश्रम,
(२) बाल भरिया,
(३) कृषि तथा पशुपालन बालश्रम,
(४) लागूपदार्थ सङ्कलन, बेचविखन तथा ओसारपसारमा संलग्न बालश्रम,
(५) बुनाई बालश्रम,
(६) ईट्टा उद्योगको बालश्रम,
(७) खानी क्षेत्रको बालश्रम,
(८) मनोरञ्जन क्षेत्रको बालश्रम (यौन शोषण समेत),
(९) यातायात क्षेत्रको बालश्रम
(१०) जरी तथा बुट्टा भराईमा संलग्न बालश्रम,
(११) छिमेकी देशमा पुऱ्याईएका बालश्रम,
(१२) यान्त्रिक वा रसायनिक क्षेत्रमा काम गर्ने बालश्रम,
(१३) सडक व्यापारमा संलग्न बालश्रम,
(१४) जडीबुटी सङ्कलन गर्ने बालश्रम,
(१५) भौतिक पूर्वाधार क्षेत्रको बालश्रम
(१६) होटेल रेष्टुराँका बालश्रम
(१७) स्थानीय तहले तोकेका अन्य क्षेत्र

### २.९.३ जिम्मेवार निकाय, अपेक्षित जिम्मेवारी र भूमिका

गुरुयोजनाको सफल कार्यान्वयनका लागि सबै तहका सरकारी, गैरसरकारी र सामाजिक संघसंस्थाको सहयोग र प्रतिबद्धता आवश्यक छ । सो सम्बन्धमा विभिन्न तहका सरकार र अन्य सरोकारवालाहरूको भूमिका निम्नानुसार संक्षिप्तमा प्रस्तुत गरिएको छ -

**(क) संघीय तह**

गुरुयोजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको रहेको छ । गुरुयोजना कार्यान्वयनमा प्रत्यक्ष रूपमा संलग्न हुने मन्त्रालयहरूमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, शिक्षा, विज्ञान तथा प्रविधि, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, संञ्चार तथा

सूचना प्रविधि, परराष्ट्र, कृषि तथा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयहरू रहेका छन् । यसका अतिरिक्त केन्द्रीय निकायहरूमा राष्ट्रिय योजना आयोग, बालबालिका खोजतलास समन्वय केन्द्र र राष्ट्रिय बाल अधिकार परिषद् परोक्ष रूपमा रहेका छन् । यसका अतिरिक्त केन्द्रीय तहमा रहेका विभिन्न सम्बन्धित निकायहरूको भूमिका पनि उत्तिकै महत्वपूर्ण रहेको छ ।

**(ख) प्रदेश तह**

बालश्रम निवारण गर्न प्रदेश सरकारको समेत महत्वपूर्ण जिम्मेवारी एवं भूमिका रहेको छ । गुरुयोजनाको सफल कार्यान्वयनका लागि प्रदेशका सम्बन्धित (हालको सामाजिक विकास मन्त्रालय) मन्त्रालयको बालश्रम निवारण सम्बन्धमा अनुगमन, नीतिगत निर्देशन र आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने गराउने जिम्मेवारी रहेको छ । त्यसको लागि प्रदेश तहमा बालश्रम निवारण सम्बन्धी राष्ट्रिय नीति एवं कानून विपरीत नहुने गरी बालश्रम निवारण सम्बन्धमा आवश्यकता अनुसार नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था गर्नुपर्ने अवस्था रहेको छ ।

**(ग) स्थानीय तह**

गुरुयोजना कार्यन्वयनमा स्थानीय तहको जिम्मेवारी र भूमिका गहन रहेको छ । घरपरिवारदेखि उद्योग प्रतिष्ठानसम्म बालश्रम भए नभएको अनुगमन गर्ने, बालश्रम निवारणका कार्यक्रम संचालन गर्ने र स्थानीय स्तरमा चेतना अभिवृद्धि गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ । ग्रामीण क्षेत्रबाट बालश्रम आपूर्ति हुने सम्भावना बढी भएकोले आपूर्ति नियन्त्रणको कार्य गाउँपालिकाको जिम्मेवारीमा रहेको छ भने बालश्रम उपभोग गर्ने क्षेत्र सामान्यतः शहर हुने भएकोले बालश्रम निषेध र निवारणको मुख्य जिम्मेवारीमा स्थानीय तहहरूको रहेको छ ।

**(घ) नागरिक समाज, गैह्रसरकारी संस्था, संचार क्षेत्र र प्राज्ञिक क्षेत्र**

बालश्रम निवारणको सम्बन्धमा नागरिक समाज, गैरसकारी संस्था र संचार जगतले खासगरी जनचेतना अभिवृद्धि गर्ने सरकारी निकायको समन्वयमा बालश्रममा परेका बालबालिकाको उद्धार गर्न सहयोग पु¥याउनुको साथै यस्ता बालबालिकालाई मनोपरामर्श जस्ता सेवा समेत प्रदान गर्ने गर्छन् । साथै सामाजिक परिचालन, बालश्रम पहिचान र रिपोर्टिङ्गमा सहजीकरण तथा समाज र सरकार बीच सम्पर्क बिन्दुको रूपमा पनि यी क्षेत्रलाई जिम्मेवार बनाइएको छ । यसैगरी बालश्रम न्यूनीकरणका लागि अध्ययन अनुसन्धान गर्न प्राज्ञिक क्षेत्रलाई परिचालन गर्नेगरी जिम्मेवारी तोकिएको छ ।

**(ङ) प्रतिष्ठान/व्यावसायिक तथा निजी क्षेत्र**

बालश्रम निवारणका लागि व्यावसायिक तथा निजी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । व्यावसायिक तथा निजी क्षेत्रमा नै बालश्रमिकको माग हुने भएकोले बालश्रम निवारणका लागि यस क्षेत्रको महत्वपूर्ण भूमिका हुन्छ । बालबालिकालाई बालश्रमबाट पीडित बालबालिका र तिनका परिवारलाई वैकल्पिक रोजगारीको व्यवस्था गरिदिने जिम्मेवारीसमेत यस क्षेत्रबाट वहन हुने अपेक्षा गरिएको छ । गुरुयोजना कार्यान्वयनमा सरकारलाई सहयोग गर्ने र बालश्रम निवारणका लागि स्थापित संजाललाई सक्रिय गराउने भूमिका पनि यस क्षेत्रको रहन्छ ।

#### (च) ट्रेड युनियन

बालश्रम निवारणमा ट्रेड युनियनहरूले खासगरी औपचारिक क्षेत्रमा बालश्रम भए/नभएको पहिचान गर्ने, बालश्रम भएको भए तत्काल उद्धार र पुनस्र्थापनाका लागि सक्रिय रहने तथा बालश्रममा रहेका परिवारलाई रोजगारी प्रदान गर्न पहल गर्ने जस्ता भूमिका रहन्छ। अनौपचारिक क्षेत्रमा समेत बालश्रमको अभिलेख राख्ने र निवारणको प्रयासमा सहजीकरण गर्ने जिम्मेवारी लिन सक्छन्। ट्रेड युनियनले व्यावसायिक, व्यापारिक तथा औद्योगिक क्षेत्र र समाजका बीच मध्यस्थताको भूमिका प्रभावकारी रूपमा खेल्न सक्ने हुनाले उनीहरूलाई यस्तो भूमिका तोकिएको छ।

### २.१०. बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७

नेपाल सरकारले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धताको कार्यान्वयनका लागि गाउँपालिका/नगरपालिका तहबाट बालश्रमलाई अन्त्य गर्दै सिँगो राष्ट्रलाई नै बालश्रममुक्त राष्ट्र बनाउन स्थानीय तहलाई बालश्रममुक्त घोषणा गर्ने कार्यमा सहजता एवं एकरूपता ल्याउन तथा बालश्रममुक्त स्थानीय तह बनाउन समन्वय गर्ने एवं सहयोग पुऱ्याउने उद्देश्यका साथ यो कार्यविधि लागू गरिएको छ। यस कार्यविधिले बालश्रमिकको प्रयोग जोखिमपूर्ण रहेको विभिन्न १७ वटा क्षेत्रमा काम गर्ने बालबालिकालाई लक्षित समूहमा समूहकृत गरेको छ। यस कार्यविधिमा बालश्रममुक्त स्थानीय तह घोषणाका लागि स्थानीय पालिकाको अद्यावधिक तथ्याङ्क र अभिलेखिकरण, बालश्रम निवारणको लागी छुट्टै नीति, बालश्रम सम्बन्धी विविध कार्यक्रमहरू संचालन गरेको हुनु पर्ने, उल्लेखित कार्यक्रम संचालनका लागि बजेट विनियोजन गरेको हुनु पर्ने, संस्थागत व्यवस्था, शिक्षाको अवस्था र सरोकारवाला निकायहरूसंग सहयोग, समन्वय र सहकार्यको व्यवस्थासहित सातवटा सूचकहरू तोकिएको छ। यसरी उल्लेखित सूचकहरू सवै पुरा गरी कार्यविधिमा तोकिएको प्रक्रिया पुरा गरी स्थानीय तहले बालश्रममुक्त घोषणा गर्न सक्ने व्यवस्था रहेको छ। यस कार्यविधिले बालश्रमिकको व्यवस्थापन मात्र नभइ बालश्रमिक सम्बद्ध वा बालश्रमको जोखिममा रहेका बालबालिकाको परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम सञ्चालन गर्ने समेतमा जोड दिएको छ।

नेपाल सरकारले बालश्रमुक्त कार्यक्रम संचालन गर्नका लागि स्थानीय तहहरूलाई कार्यविधिले तोकिए बमोजिमको प्रकृया पुरा गरी सशर्त अनुदान प्रदान गरिने व्यवस्था समेत गरेको छ। जसको लागि यस मन्त्रालयले प्रस्ताव आव्हान गर्दछ र सो समयमा सम्बन्धित स्थानिय तहहरूले कार्यविधिको अनुसुची १ बमोजिमको घरधुरी सर्वेक्षण सहित प्रस्ताव पेश गर्नु पर्ने व्यवस्था गरेको छ। यसरी प्राप्त भएको प्रस्तावको मुल्याङ्कन गरी मन्त्रालयले छनौट गरेका पालिकालाई सशर्त अनुदान पठाउने गर्दछ।

#### २.१०.१. बालश्रममुक्त घोषणाका सूचक

**स्थानीय तहहरूले बालश्रममुक्त स्थानीय तह घोषणाका लागि देहाय बमोजिमको सातबटा सूचकहरू पुरा गर्नुपर्ने व्यवस्था राखिएको छ।**

(१) **तथ्याङ्क र अभिलेख व्यवस्थित गर्नका लागि** सबै बालबालिकाको जन्म दर्ताको विवरण अध्यावधिकका लागि अनुसुची १ बमोजिम सर्वेक्षण गरेको हुनुपर्ने, बालश्रमसंग सम्बन्धित विभिन्न

सरोकारवालाहरूको सूचीकरण एवं नक्साङ्कन गरेको हुनुपर्ने र बालश्रम हुनसक्ने सम्भावित क्षेत्रहरूबाट बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता पत्र समावेश भएको हुनुपर्ने छ।

(२) **स्थानीय तहमा बालश्रम निवारणको लागि छुट्टै नीति वा अन्य कुनै नीतिमा बालश्रम निवारणको विषय समावेश भएको हुनुपर्ने छ।**

(३) **बालश्रम सम्बन्धी कार्यक्रम सञ्चालन विषयक शिर्षक अन्तर्गत** चेतनामूलक र मनोपरामर्श सम्बन्धी कार्य, सम्बद्ध वा बालश्रमको जोखिममा रहेका बालबालिकाको परिवारका लागि वैकल्पिक आय आर्जनका कार्यक्रम, पढाई नियमित नभएका १५-१८ वर्षका लागि सिपमूलक कार्यक्रम, संघ संस्था तथा व्यवसायीलाई प्रोत्साहन तथा सम्मान गर्ने कार्यक्रम, सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम, निरन्तर अनुगमन तथा बालश्रममा रहेका वा बालश्रममा पर्न सक्ने जोखिममा रहेका बालबालिकाको उद्धार, पुनःस्थापना तथा पुनर्मिलन सम्बन्धी कार्यक्रम तथा बालश्रमिकहरूको शैक्षिक विकास कार्यक्रम जस्ता कार्यक्रमहरू संचालनमा रहेको हुनुपर्नेछ।

(४) **बालश्रम विरुद्धका क्रियाकलाप गर्न बजेट विनियोजन गरेको हुनु पर्ने।** स्थानीय तहको आवधिक नीति, कार्यक्रम र बजेट व्यवस्थापनमा बालश्रम निवारणको विषय समावेश भएको हुनुपर्नेछ।

(५) **संस्थागत व्यवस्थाको निश्चितताका लागि** बालबालिका क्षेत्र हेर्ने गरी कर्मचारी/बालकल्याण अधिकारी वा शाखाको व्यवस्था, बालश्रम निवारणका लागि सक्रिय बालक्लब र अन्य सञ्जालहरूको विकास, बालबालिका सम्बन्धी ऐन, २०७५ ले व्यवस्था गरे बमोजिमको स्थानीय बाल अधिकार समितिको व्यवस्था, बालश्रमको अवस्था अनुगमन तथा कारवाहीका लागि संयन्त्र तथा उद्धार गरिएका बालबालिकालाई राख्नका लागि बाल गृह वा प्रचलित कानून बमोजिम दर्ता भएका बालबालिकालाई हेरचाह गर्ने कुनै संस्था रहे नरहेको हेर्नुपर्ने व्यवस्था रहेको छ।

(६) **शिक्षाको अवस्थाको निश्चितताको लागि** विद्यालय जाने उमेरका बालबालिकाको विद्यालयमा भर्ना दर कम्तिमा ९५ प्रतिशत भएको तथा विद्यालय छोड्नेको दर घट्दो हुनुपर्ने व्यवस्था गरिएको छ।

(७) **सहयोग, समन्वय र सहकार्यको अवस्था निक्यौंलका लागि** स्थानीय तहले सरोकारवाला निकायसँग बालश्रम निवारणका लागि सहयोग, समन्वय र सहकार्य गरेको हुनुपर्ने र स्थानीय तहले बालश्रम निवारणका लागि प्रदेश र संघको सम्बन्धित मन्त्रालयहरूमा सूचना आदान प्रदान, कार्यक्रम सञ्चालन, आवश्यक श्रोत सम्बन्धमा सहकार्य गरेको हुनुपर्ने भनिएको छ।

### २.१०.२. बालश्रम मुक्त स्थानीय तह घोषणा प्रक्रिया

बालश्रम मुक्त स्थानीय तह घोषणा गर्नका लागि सर्वप्रथम वडा समितिले बालश्रममुक्त घोषणाका सूचक पुरा गरी स्थानीय तहको अध्यक्ष वा प्रमुख समक्ष बालश्रममुक्त वडा घोषणा गर्ने निर्णय सहित सिफारिस गर्ने

र निवेदन प्राप्त भए पश्चात् स्थानीय समन्वय समितिले अनुगमन गर्नुपर्ने हुन्छ । स्थानीय समन्वय समितिले १५ दिन भित्र अनुगमन गरी अनुगमन प्रतिवेदन अध्यक्ष वा प्रमुख समक्ष पेश गर्ने र यस स्थानीय समन्वय समितिको अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिका बैठकको निर्णयबाट स्थानीय तहले बालश्रम मुक्त वडा घोषणा गर्न सक्ने व्यवस्था रहेको छ ।

स्थानीय तहका सबै वडा बालश्रम मुक्त घोषित भइ सके पछि बालश्रममुक्त घोषणाका सूचकका आधारमा **कार्यपालिकाको प्रस्तावमा गाउँ/नगरसभाले** बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न सक्ने व्यवस्था रहेको छ । जिल्ला स्थित सबै स्थानीय तह बालश्रम मुक्त घोषणा भएमा जिल्ला समन्वय समितिको प्रस्तावमा जिल्ला सभाले बालश्रम मुक्त जिल्ला घोषणा गर्न सक्ने र बालश्रम मुक्त स्थानीय तह घोषणा भइसके पश्चात त्यसको दिगोपना सम्बन्धी कार्यक्रम सञ्चालनका लागि **स्थानीय तहले बालश्रम निवारण कोष स्थापना गर्न सक्ने व्यवस्था रहेको छ ।** यस्तो घोषणाको जानकारी संघीय र प्रदेश सरकारका सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ ।

### २.१०.३. अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थाः

बालश्रम मुक्त घोषणा तथा तत्पश्चात अनुगमन तथा मूल्याङ्कनका लागि स्पष्ट व्यवस्था संयन्त्रको व्यवस्था गरिएको छ । राष्ट्रिय स्तरमा गरिने अनुगमन बालश्रम निवारण समितिले गर्ने, प्रदेशस्तरमा सामाजिक विकास मन्त्रालयको सचिवको संयोजकत्वमा प्रदेश समन्वय समिति गठन हुने, प्रदेश समन्वय समितिमा रहने सदस्य र बैठक सम्बन्धी कार्यविधि सामाजिक विकास मन्त्रालयले निर्धारण गरे बमोजिम हुने, स्थानीय स्तरमा अध्यक्ष/प्रमुख वा निजले तोकेको निर्वाचित प्रतिनिधि वा कर्मचारीको संयोजकत्वमा स्थानीय समन्वय समिति रहने र स्थानीय समन्वय समितिमा रहने अन्य सदस्य र बैठक सम्बन्धी कार्यविधि तथा समितिको कार्यक्षेत्र स्थानीय कार्यपालिकाले निर्धारण गरे बमोजिम हुने व्यवस्था राखिएको छ ।

## २.११.बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) कार्यान्वयन कार्ययोजना

नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाको कार्यान्वयन गर्दै नेपालको बालबालिकाको क्षेत्रमा रहेका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन गरी बालबालिकाको मौलिक हक अधिकारको रक्षा गर्दै नेपाललाई बालश्रममुक्त मुलुकको रूपमा स्थापित गर्न बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) को प्रभावकारी कार्यान्वयन गर्ने प्रयोजनका लागि यस मन्त्रालयको मिति २०७९/०३/३१ को (मन्त्रीस्तरीय) निर्णयबाट स्वीकृत गरी बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना कार्यान्वयन कार्ययोजना लागू गरिएको छ ।

## २.१२. बालश्रम निवारणका लागि संरचनात्मक व्यवस्था

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार बालश्रम निवारण सम्बन्धी नीति, कानून तथा नियमन सम्बन्धी जिम्मेवारी यस मन्त्रालयको रहेको छ । सोही अनुरूप बालश्रम निवारणका लागि यस मन्त्रालय र अन्तर्गत स्थापना भएका निम्नानुसारका संरचनाहरूबाट कार्य सम्पादन भईरहेको छ ।

### २.१२.१. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

यस मन्त्रालयमा रहेका चारवटा महाशाखाहरू मध्ये श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखा अन्तर्गत बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा रहेको छ। यस शाखाले निम्न बमोजिमको कार्यहरू सम्पादन गर्दै आईरहेको छ। बालश्रम तथा बाध्यकारी श्रम निवारण र व्यावसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी नीति, कानून, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन सम्बन्धी कार्य लगायत बालश्रम निवरण सम्बन्धमा सरोकारवालाहरूको क्षमता विकासको कार्यहरू समेत गर्दै आएको छ। बालश्रम निवरण सम्बन्धी कार्यमा प्रभावकारिता ल्याउनका लागि देहाय बमोजिमको समितिहरू रहेको छ।

**(क) बालश्रम निवारण समिति**

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को दफा २३ (१) बमोजिम बालश्रम निवारण समित गठन हुने व्यवस्था रहेको छ। यस समितिले प्रतिष्ठानमा काम गर्ने बालकको स्वास्थ्य, सुरक्षा, शिक्षा, ब्यबसायिक तालिमको व्यवस्था गर्न, बालबालिकालाई उपयुक्त रोजगारीको व्यवस्था गर्न, बालबालिकालाई काममा लगाउन निरुत्साहित गर्न र बालश्रम निवारण गर्ने सम्बन्धमा नेपाल सरकारलाई आवश्यक राय, सुझाब दिने यसको प्रमुख काम रहेको छ। यस समितिले बालश्रम निवारण सम्बन्धी विद्यमान नीति र कानुनमा आवश्यक सुधार गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने लगायतका कार्य गर्दछ। यसले बालश्रम निवारण कोषको उपयोगका सम्बन्धमा आवस्यक योजना बनाउने तथा प्राथमिकता निर्धारण गर्ने समेत कार्य गर्दछ। यस समितिमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवको अध्यक्षतामा निम्नानुसार सदस्य रहने ब्यबस्था रहेको छ।

| | |
|---|---|
| सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - अध्यक्ष |
| सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (श्रम सम्बन्ध तथा बालश्रम निवारण शाखा हेर्ने) | - सदस्य |
| महानिर्देशक, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | - सदस्य |
| प्रतिनिधि, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| प्रतिनिधि, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| प्रतिनिधि (दुई जना), नेपाल उद्योग बाणिज्य महासंघ | - सदस्य |
| प्रतिनिधि (चार जना), ट्रेड यूनियन महासंघ | - सदस्य |
| बालबालिका तथा बालश्रमको क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाको एक जना प्रतिनिधि | - सदस्य |
| नेपाल सरकारले तोकेको अधिकृत | - सदस्य-सचिव |

**(ख) एलायन्स ८.७ राष्ट्रिय समन्वय समिति**

दिगो विकास लक्ष्यको ८.७ लक्ष्य प्राप्तीका लागि सामुहिक प्रयासको रूपम गठन गरिएको एलायन्स ८.७ मा नेपाल पथप्रदर्शक देश (Pathfinder Country) को रूपमा सहभागी भएको छ।

यस अभियानका बालश्रम निवारण, बाध्यकारी श्रमको अन्त्य, मानव बेचविखन र ओसारपसारको नियन्त्रण सम्बन्धी कार्य विभिन्न मन्त्रालयबाट सम्पादित हुँदै आएका छन्। दिगो विकास लक्ष्यको ८.७ लक्ष्य प्राप्ती सम्बद्ध कार्यलाई एकीकृत र समन्वयात्मक रूपमा अगाडि बढाउन नेपाल सरकारको मिति २०७७/७/३ को मन्त्रिस्तरीय निर्णयानुसार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिवको संयोजकत्वमा एलायन्स ८.७ राष्ट्रिय समन्वय समिति गठन भएको छ। उक्त समितिमा सरोकारवाला मन्त्रालयको सहसचिव, रोजगारदाता संस्था र श्रमिक संगठनबाट कम्तिमा महिला १ जना सहित ३/३ जना सदस्यको रूपमा प्रतिनिधित्व हुने गरी निम्नानुसारको संरचनाको व्यवस्था रहेको छ।

| | |
|---|---|
| सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - संयोजक |
| सहसचिव, गृह मन्त्रालय | - सदस्य |
| सहसचिव, भूमि व्यवस्था, सहकारी तथा गरिवि निवारण मन्त्रालय | - सदस्य |
| सहसचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | - सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| सहसचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | - सदस्य |
| सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (श्रम सम्बन्ध तथा सामाजिक सुरक्षा महाशाखा) | - सदस्य |
| रोजगारदाता संगठनहरू मध्येबाट कम्तिमा १ जना महिला सहित ३ जना | - सदस्य |
| संयुक्त ट्रेड यूनियन समन्वय केन्द्रको सिफारिसमा कम्तीमा १ जना महिला सहित ३ जना | - सदस्य |
| उपसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय(बालश्रम निवारण हेर्ने) | - सदस्य-सचिव |

यसको सचिवालयको जिम्मेवारी बाध्यकारी श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखामा रहेको छ।

### (ग) बालबालिका (विकास तथा पुनःस्थापना) कोष

बालबालिकाहरूको विकास तथा पुनःस्थापना कार्यक्रम सञ्चालन गरी बालबालिकाहरूको हित संरक्षण गर्नको निमित्त बालबालिका (विकास तथा पुनःस्थापना) कोषको नामबाट एक कोषको स्थापना भएको छ। यस कोषको सञ्चालन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सचिवको अध्यक्षतामा रहेको देहाय बमोजिमको कोष संचालक समितिमार्फत हुने गरेको छ।

| | |
|---|---|
| सचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - अध्यक्ष |
| सहसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | - सदस्य |
| सहसचिव, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | - सदस्य |
| महानिर्देशक, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | - सदस्य |
| प्रतिनिध, नेपाल उद्योग बाणिज्य महासंघ | - सदस्य |
| अध्यक्ष, केन्द्रीय गलैँचा उद्योग संघ | - सदस्य |

| | |
|---|---|
| सदस्यसचिव, गलैँचा तथा उन विकास समिति | - सदस्य |
| प्रतिनिधि, चेम्बर अफ कर्मस | - सदस्य |
| अध्यक्ष, गार्मेन्ट एसोसिएशन | - सदस्य |
| उपसचिव, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (बालश्रम सम्बन्धी शाखा) | - सदस्य-सचिव |

**(घ) श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग**

उद्योग कलकारखाना र व्यवसायहरूको प्रवर्द्धनको लागि श्रमिक र रोजगारदाताबीच पारस्परिक हित र लाभमा आधारित सुमधुर श्रम सम्बन्ध कायम गरी उत्पादकत्व वृद्धि गर्ने र श्रमिकहरूको हकहितको संरक्षण गरी स्वस्थ्य औद्योगिक वातावरण कायम राख्ने उद्देश्यले यस मन्त्रालय अन्तर्गत श्रम तथा व्यसायजन्य सुरक्षा विभाग रहेको छ । यस विभागमा बालश्रम तथा बाध्यकारी श्रम सम्बन्धी कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन निरीक्षण गर्ने, सूचना तथ्याङ्क तथा अभिलेखहरू सुरक्षित राख्ने तथा अध्यावधिक गर्ने गराउनका लागि बाध्यकारी श्रम निवारण तथा रोजगार शाखा रहेको छ । साथै, यस विभाग अन्तर्गतका श्रम तथा रोजगार कार्यालयहरू झापा, विराटनगर, जनकपुर, बिरगञ्ज, हेटौडा, काठमाण्डौ, बुटवल, नेपालगञ्ज, सुर्खेत, धनगढी र पोखरा कार्यालयहरूले श्रम निरीक्षणका साथै बालश्रमको अनुगमन, निरीक्षण तथा उद्धार सम्बन्धी कार्यहरू गर्दै आएका छन् ।

**(ङ) बालश्रम निवारण सम्बन्धी अन्तरनिकाय कार्य समूह**

बालश्रम निवारण सम्बन्धी कार्यलाई एकीकृत तथा समन्वयात्मक रूपमा दोहोरोपना नहुने गरी प्रभावकारी कार्य सम्पन्न गर्न सम्बन्धित मन्त्रालय, सरकारी निकाय, नगरपालिका तथा गाउँपालिका महासंघ, बालश्रम निवारणको क्षेत्रमा क्रियाशील विकास साझेदार र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था, यस समूहमा सम्मलित अनौपचारिक सञ्जाल रहेको छ । यस सञ्जालको बैठक यस मन्त्रालय अन्तर्गत रहेको श्रम सम्बन्ध तथा सामाजिक संरक्षण महाशाखाका प्रमुखको अध्यक्षतामा त्रैमासिक रूपमा बस्दै आएको छ । उक्त बैठकमा बालश्रम निवारण क्षेत्रमा विभिन्न सरोकारवालाहरूले गरेका काम कारवाहीहरूको समीक्षा गर्नुका साथै, यस समूहले बालश्रम निवारण सम्बन्धमा नेपाल सरकारको नीति तथा कार्यक्रमहरू प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय तथा सहकार्य गर्दै आईरहेको छ ।

### २.१२.२. राष्ट्रिय बाल अधिकार परिषद्

सङ्घीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरूप बाल अधिकारको संरक्षण र सम्वर्द्धनका कार्यहरू गर्न गराउनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बालअधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तीनै तहका सरकारहरूलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरू तथा बाल संरक्षण संयन्त्र (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । यसै गरी बाल हिंसा दुर्व्यवहार एवं जोखिम अवस्थामा परेका बालबालिकाको उद्धार, संरक्षण र व्यवस्थापन गर्ने कार्य गर्दछ ।

बाल अधिकारको संरक्षण र सम्वर्द्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य गर्नुका साथै सङ्घीय तहमा अन्तर मन्त्रालय समन्वयका कार्यहरू गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ । यस परिषदबाट बालगृह सञ्चालनका लागि अनुमति प्राप्त १३२ वटा बालगृहहरू संचालनमा रहेका छन् । उक्त बालगृहरूको विवरण अनुसूची - ३ मा रहेको छ ।

### २.१२.३. बालबालिका खोजतलास समन्वय केन्द्र १०४

नेपाल प्रहरी र राष्ट्रि बाल अधिकार परिषद्को सहकार्यमा बि. सं. २०६३ सालदेखि बालबालिका खोजतलास समन्वय केन्द्र स्थापना गरी निशुल्क टेलिफोन नं. १०४ काठमाडौं उपत्यकामा भृकुटीमण्डपमा संचालनमा रहेको छ। १०४ नम्बर देशभरका जिल्ला प्रहरी कार्यलयमा जडान भई संचालनमा रहेको छ आ. ब. २०७८/७९ मा यो सेवालाई विस्तार गरी कोशी प्रदेश, मधेस प्रदेश, र लुम्बिनी प्रदेशमा प्रदेशस्तरीय बालालिका खोजतलास समन्वय केन्द्र संचालन गरिएको छ।

### २.१२.४. बाल हेल्प लाइन सेवा (निशुल्क टेलिफोन न १०९८)

राष्ट्रियबालअधिकारपरिषद्लेबालबालिकाविरुद्धकोहिंसाबाटपिडिततथाजोखिममापरेकाबालबालिकाको तत्काल उद्धार, संरक्षण, मनोविमर्श, कानुनी परामर्श, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापनाका लागि गैरसरकारी संस्थासंगको सहकार्यमा देशभरिका १८ जिल्लामा बाल हेल्प लाइन सेवा निशुल्क टेलिफोन नं. १०९८ संचालन गरिरहेको छ । बाल हेल्पलाइन सेवा मार्फत मुख्यतया आकस्मिक उद्धार (चौबिसै घण्टा), एम्बुलेन्स सेवा वा बालमैत्री सवारी साधन, तत्काल राहत, मनोविमर्श तथा पारिवारिक परामर्स, अस्थायी संरक्षण, स्वास्थ्य उपचार, पारिवारिक सहयोग, कानुनी परामर्श तथा सहयोग, पारिवारिक पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनःस्थापना, सेवा प्राप्त गरेका बालबालिकाको नियमित अनुगमन, सहजीकरण तथा पृष्ठपोषण लगायतका सेवाहरू उपलब्ध हुन्छन्।

## २.१३. प्रदेशस्तरीय संरचना

संघीय सरकारका प्रतिबद्धतालाई सहयोग पुऱ्याउनका लागि प्रदेश सरकारहरू पनि कटिबद्ध भएर अघि बढेका छन् । जसको फलस्वरूप प्रदेश सरकारले पनि बालश्रममुक्त प्रदेश बनाउनका लागि बालबालिका सम्बन्धी प्रादेशिक ऐन, नियम, निर्देशिका, कार्यविधि, नीति तर्जुमा गरी कार्यान्वयन गरिरहेका छन्। प्रत्येक प्रदेशमा प्रदेशको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रीको अध्यक्षतामा प्रदेश बाल अधिकार समिति रहने व्यवस्था रहेको छ। साथै बालश्रम निवारण सम्बन्धी समेत कार्य गर्ने गरी ७ वटै प्रदेशमा श्रम सम्बन्धी निर्दिष्ट विषय हेर्नेगरी फरक-फरक नाममा प्रेदश मन्त्रालयहरू रहेका छन्। मन्त्रालयको नाममा फरकपना भएता पनि श्रम सम्बन्धी विषयलाई राष्ट्रिय भावना अनुरूप हेरी यस क्षेत्रमा यथोचित कार्य भइरहेको अवस्था छ।

कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयले कोशी प्रदेश बालबालिका संरक्षण ऐन, २०७७, र नियमावली, २०८० निर्माण गरी लागु गरेको छ। बालबालिका संरक्षण नियमावली, २०८० मा आपतकालिन अवस्थामा रहेका बालबालिका सम्बन्धमा विस्तृत रूपमा परिभाषित गरिएको छ । त्यसैगरी, मधेश प्रदेश अन्तर्गत

श्रम तथा यातायात मन्त्रालयले प्रदेश बाल अधिकार सम्बन्धी ऐन, २०७७ निर्माण गरेको छ । यस ऐनले बालबालिकालाई जोखिमपूर्ण रूपमा लगाउन, आर्थिक लाभका लागि प्रयोग वा गैर कानूनी रूपमा श्रम शोषण गर्न, गराउन नपाइने व्यवस्था गरेको छ । बागमती प्रदेशले बागमती प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७६ तर्जुमा गरी बालश्रम नियन्त्रणका लागि काम गर्दै आएको छ । गण्डकी प्रदेश अन्तर्गत रहेको सामाजिक विकास मन्त्रालयले प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७८ को निर्माण गरी बालअधिकार संरक्षण, प्रवर्धन तथा बालश्रम निवारणका लागि काम गर्दै आएको छ ।

त्यसैगरी, लुम्विनी प्रदेशले बालबालिका सम्बन्धी ऐन, २०७६ तर्जुमा गरी लागु गरेको छ । बालअधिकारको संरक्षण, सम्वर्द्धन एवम् प्रवर्द्धन गर्दै समग्र बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक, संवेगात्मक एवम् भावनात्मक विकास गर्न यो ऐन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० बमोजिम कर्णाली प्रदेशले प्रदेश बाल अधिकार समिति गठन, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० तर्जुमा गरी लागु गरेको छ । साथै, सुदुरपश्चिम प्रदेशले सामाजिक विकास मन्त्रालय मार्फत प्रदेश बालबालिका सम्बन्धी ऐन, २०७७ तर्जुमा गरी जारी गरेको छ । जसमा बालबालिकालाई घरेलु कामदार, कमलरी वा त्यस्तै अन्य प्रकारले श्रम शोषण हुने कार्यमा प्रयोग गर्न पाइने छैन भन्ने स्पष्ट व्यवस्था गरेको छ ।

## २.१४. स्थानीय तह संरचना

### (क) स्थानीय बाल अधिकार समिति

प्रत्येक स्थानीय तहमा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहेको छ । स्थानीय तहमा बालश्रमको अनुगमन लगायत बालबालिकाको सर्वोत्तम हित हुने गरी कार्य गर्ने जिम्मेवारी यस समितिको रहेको छ ।

### (ख) बालकल्याण अधिकारी

बालश्रम निवारण लगायत बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि स्थानीय तहमा एक जना बाल कल्याण अधिकारी रहने व्यवस्था रहेको छ ।

परिच्छेद-तीन

# बालश्रम निवारणका क्षेत्रमा भएका मुख्य उपलब्धिहरू

## ३.१. घट्दो बालश्रम

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ (वि.स. २०६४) प्रतिवेदन अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १६ लाख (२०.६ प्रतिशत) बालबालिका बालश्रममा संलग्न रहेको देखाएको थियो। त्यसमध्ये ६ लाख २१ हजार जोखिमपूर्ण प्रकारको बालश्रममा संलग्न रहेको थियो। त्यसको दशवर्ष पछि सम्पन्न नेपाल श्रम शक्ति सर्भेक्षण, २०१७/१८ (वि.सं. २०७४) को प्रतिवेदन अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १० लाख ८२ हजार (१५.३ प्रतिशत) बालबालिका बालश्रममा संलग्न रहेका र ती मध्ये २ लाख २२ हजार जोखिमपूर्ण प्रकारका बालश्रममा रहेको देखिएको छ। नेपालमा बालश्रमको अवस्थामा क्रमशः सुधार हुदै आइरहेको पछिल्लो राष्ट्रिय सर्वेक्षणले देखाएको छ। त्यसैगरी, नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ (वि.स. २०६४) अनुसार कुल बालबालिकाको १६.९ प्रतिशत बालबालिका कृषि क्षेत्रमा बालश्रममा संलग्न रहेको देखिएको थियो भने २०१७/१८ (वि.सं. २०७४) मा सम्पन्न नेपाल श्रमशक्ति सर्वेक्षण अनुसार उक्त क्षेत्रमा बालश्रम घटेर १३.३ प्रतिशत रहेको देखिन्छ। यसरी नेपालमा कृषि क्षेत्रमा समेत बालश्रमको संख्या क्रमशः घटिरहेको स्थिति रहेको छ।

## ३.२. बालश्रमुक्त स्थानीय तह

यस मन्त्रालयले बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना २०७५/२०८५ को कार्यान्वयन गर्ने सन्दर्भमा बाल श्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ जारी गरी कार्यान्वयको अवस्थामा रहेको छ। सो कार्यविधिमा व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०८१/०८२ सम्म जम्मा २०४ वटा स्थानीय तहलाई रु. ३/३ लाख र बालश्रम मुक्त घोषणा भई सकेका ३ वटा स्थानीय तहलाई थप २/२ लाखका दरले सशर्त अनुदान वितरण गरेको छ। सर्शत अनुदान प्राप्त गरेका स्थानीयतहहरूको विवरण अनुसूचीमा -२ मा रहेको छ। उक्त कार्यविधीमा उल्लेखित सूचकहरू पूरा गरी हालसम्म देहायका १० वटा स्थानीय तहहरू बालश्रममुक्त स्थानीय तह घोषणा भएको छ।

**तालिकाः १ - बाल श्रममुक्त घोषणा गरिएका स्थानीय तहहरूको विवरण**

| क्र. सं. | घोषणा भएका स्थानीय तह | जिल्ला | घोषणा मिति |
|---|---|---|---|
| १ | रघुगंगा गाउँपालिका | म्याग्दी | २०७८/०९/०९ |
| २ | त्रिवेणी गाउँ पालिका | रोल्पा | २०७८/०९/२९ |
| ३ | बाणगंगा नगरपालिका | कपिलबस्तु | २०७९/०३/१७ |
| ४ | सूर्योदय नगरपालिका | ईलाम | २०७९/०५/२९ |

| क्र. सं. | घोषणा भएका स्थानीय तह | जिल्ला | घोषणा मिति |
|---|---|---|---|
| ५ | म्याग्दे गाउँपालिका | तनहुँ | २०७९/०९/२५ |
| ६ | पौवादुङमा गाउँपालिका | भोजपुर | २०८०/११/०६ |
| ७ | बरेङ गाउँपालिका | बाग्लुङ्ग | २०८१/०३/०५ |
| ८ | विरुवा गाउँपालिका | स्याङ्जा | २०८१/०३/१४ |
| ९ | पनौती नगरपालिका | काभ्रेपलाञ्चोक | २०८१/०५/२९ |
| १० | खार्पूनाथ गाउँपालिका | हुम्ला | २०८२/०३/०७ |

## ३.३. बालश्रम अनुगमन, उद्धार, पुनर्मिलन, पुनःस्थापना तथा क्षतिपूर्ति र जरिवाना

श्रम ऐन, २०७४ र बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा व्यवस्था भए बमोजिम यस मन्त्रालय अन्तर्गतका श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र अन्तर्गतका श्रम तथा रोजगार कार्यालयहरूबाट नियमित रूपमा बालश्रमको अनुगमन, निरीक्षण, क्षतिपूर्त र जरिवाना सम्बन्धी कार्यहरू भईरहेको छ। साथै, बालश्रममा भेटिएका बालबालिकाहरूको उद्धार, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना सम्बन्धी कार्यहरू राष्ट्रिय बाल अधिकार परिषदको समन्वय तथा सहकार्यमा गरिदै आएको छ।

### ३.३.१. श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग

यस मन्त्रालय अन्तर्गत रहेको श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग तथा कार्यालयहरूबाट आर्थिक वर्ष २०७६/०७७ मा जम्मा ८६९ वटा प्रतिष्ठानहरूको बालश्रम सम्बन्धी अनुगमन गरिएको थियो। अनुगमन गरिएको प्रतिष्ठानहरूको संख्या क्रमशः वृद्धि हुदै आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ३७४४ वटा प्रतिष्ठानहरूको अनुगमन गरिएको थियो। त्यसै गरी आर्थिक वर्ष २०७९/०८० मा सबैभन्दा बढी ४६ वटा बालश्रम सम्बन्धमा उजुरी दर्ता भएको थियो भने आर्थिक वर्ष २०७७/०७८ मा सबैभन्दा कम १२ वटा उजुरी दर्ता भएको थियो। आर्थिक वर्ष २०८०/८१ मा सबैभन्दा बढी ७२ जना बालबालिकालाई बालश्रमबाट उद्धार गरिएको थियो भने सोही आ.व. मा जम्मा ५४ वटा घटनाको मेलमिलाप गराईएको थियो। त्यसैगरी आ.व. २०८० ।८१ मा रु. १०४७२५६ ।– पिडित पक्षलाई क्षतिपूर्ति उपलब्ध गराईएको थियो भने रु. १३७१०० विभिन्न प्रतिष्ठानहरूलाई बालश्रम प्रयोग गरिएको कारण जरिवाना गरिएको थियो। आ.व. २०७६/०७७ दिख २०८०/०८१ सम्म श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग र अन्तर्गत श्रम तथा रोजगार कार्यालयबाट बालश्रम अनुगमन, उद्धार तथा क्षतिपूर्ति र जरिवाना सम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

**तालिका नं. २- आ.व. २०७६/०७७ देखि २०८०/०८१ सम्म बालश्रम अनुगमन, उद्धार तथा क्षतिपूर्ति र जरिवाना सम्बन्धी विवरण**

| सि.नं | क्रियाकलाप | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|---|
| | | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ |
| १ | अनुगमन गरिएको प्रतिष्ठानको संख्या | ८६९ | १३१४ | २४०२ | २८५० | ३७४४ |
| २ | उजुरी दर्ता संख्या | १७ | १२ | १७ | ४६ | ३१ |
| ३ | उद्धार गरिएको संख्या | १७ | १२ | १५ | ४५ | ७२ |
| ४ | मेलमिलाप गरिएको संख्या | १७ | १२ | १५ | ४४ | ५४ |
| ५ | क्षतिपुर्तिको रकम रु. | ५६१८०० | ३६२९५० | २९५००० | १२७५००० | १०४७२५६ |
| ६ | जरिवाना रकम रु. | १३६६५८ | ५०००० | ३५००० | १४१००० | १३७१०० |

*स्रोतः श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग*

### ३.३.२. राष्ट्रिय बाल अधिकार परिषद्

राष्ट्रिय बाल अधिकार परिषदबाट आर्थिक वर्ष २०७६/०७७ देखि २०८०/८१ को अवधिमा जम्मा ९९४ जना बालबालिकालाई बालश्रमबाट उद्धार गरिएको थियो। जसमध्ये ६४० जना बालक र ३५४ जना बालिका रहेको देखिन्छ। त्यस्तै सोही अवधिमा ७५९ जना बालबालिकाहरूलाई परिवारमा पुनर्मिलन गराईएको थियो भने जम्मा १७३ जना बालबालिकालाई बालश्रमबाट उद्धार गरी बालगृह/संरक्षण गृहमा पठाईएको थियो। त्यसैगरी, १०६७ जना बालबालिकाहरूलाई उनीहरूको हक अधिकार सुनिश्चितता गर्न आवश्यक कानूनी तथा अन्य सहयोग गरिएको थियो।

राष्ट्रिय बाल अधिकार परिषद् तथा सम्बन्धित स्थानीय तहको समन्वयमा बाल हेल्पलाइन १०९८ बाट आ.व. ०७६/७७ देखी आ.व. ०८०/८१ सम्म घर तथा अन्य प्रतिष्ठान वा उद्योग कलकारखानामा बालश्रममा परेका/राखिएका बालबालिकाको उद्धार, संरक्षण, मनोविमर्श तथा पुनःस्थापना र सहयोग गरिएको तथ्यांक विबरण देहाय बमोजिम रहेको छ।

**तालिका नं - ३ राष्ट्रिय बाल अधिकार परिषदबाट आ.व.०७६/७७ देखी आ.व. ०८०/८१ सम्म विभिन्न क्षेत्रमा बालश्रममा रहेका बालबालिकाहरूको उद्धार, संरक्षण, मनोविमर्श तथा पुनःस्थापना सम्बन्धी विबरण**

| क्र.स. | आ.ब. | उद्धार भएका | | परिवारमा पुनर्मिलन भएका | | बालगृह/संरक्षण गृहमा पठाइएका | | कानूनी तथा अन्य सहयोग गरिएका | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका |
| १ | ०७६/७७ | १२७ | ५४ | ९१ | ४९ | ३२ | ५ | ९० | १२५ |
| २ | ०७७/७८ | ५७ | ५५ | ५० | ४७ | ७ | ८ | १५२ | २१२ |
| ३ | ०७८/७९ | ११८ | ५४ | १०० | ४१ | १८ | १२ | ६९ | ९९ |
| ४ | ०७९/८० | २०१ | ९६ | १४८ | ७५ | २८ | २२ | ३९ | ६६ |
| ५ | ०८०/८१ | १३७ | ९५ | १०३ | ५३ | २० | २३ | ७९ | १३६ |
| जम्मा | | ६४० | ३५४ | ४९४ | २६५ | १०५ | ६८ | ४२९ | ६३८ |
| | | ९९४ जना | | ७५९ जना | | १७३ जना | | १०६७ जना | |

*स्रोतः राष्ट्रिय बाल अधिकार परिषद्*

## ३.४. जोखिमपूर्ण व्यवसाय वा कामहरूको सुची

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ ले कुनै पनि बालबालिकालाई जोखिमपूर्ण व्यवसाय वा कामहरूमा संलग्न गराउन निषेध गरिएको छ। सोही ऐनको अनुसूचीमा जोखिमपूर्ण व्यवसाय वा कामहरूको सूची समावेश गरिएको छ। सोही सूचीलाई समयानुकुल परिमार्जन गर्नु पर्न आवश्यकता भएकोले यस मन्त्रालयले आर्थिक वर्ष ०८१/८२ मा बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को अनुसूचीमा थप जोखिमपूर्ण व्यवसाय वा कामहरू समावेश गरी २०८१ बैशाख ३१ गते नेपाल राजपत्रमा प्रकाशित गरेको छ। उक्त थप जोखिमपूर्ण व्यवसाय वा कामहरूसहितको संशोधित सूची अनुसूची १ मा रहेको छ।

## ३.५. स्थानीय तहमा सम्पर्क व्यक्ति तोकिएको

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वि सं २०८१/०१/३० को (सचिवस्तरिय) निर्णयानुसार बालश्रम निवारण सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन ७५३ वटै स्थानीय तहमा कार्यरत रोजगार संयोजकलाई आफू कार्यरत रहेको स्थानीय तहको बालश्रम निवारण सम्बन्धी आवश्यक सहयोग, सम्नवय र सहकार्यको लागि निश्चित जिम्मेवारीसहित सम्पर्क व्यक्तिको रूपमा तोकिएको छ। यी अधिकारीहरूले आफू कार्यरत स्थानीय तहलाई बालश्रम निवारण सम्बन्धमा सुसुचित गर्ने, बालश्रम मुक्त स्थानीय तह घोषणा सम्बन्धमा पालिकालाई बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बारेमा जानकारी गराई कार्यान्वयनमा सहयोग गर्ने, स्थानीय पालिकामा

बालश्रम सम्बन्धमा भए गरेका कार्यहरूको बारेमा पालिकासँग समन्वय गरी प्रत्येक महिना प्रगति विवरण पठाउने तथा मन्त्रालय र अन्य सहयोगी निकायहरूको स्थानिय पालिकासग सम्बन्धित बालश्रम निवारण सम्बन्धी कार्यमा सहयोगी / सम्पर्क व्यक्तिको रूपमा कार्य गर्ने जिम्मेवारी पाएका छन् ।

## ३.६. बालश्रम निवारण सम्बन्धी अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम

नेपालको श्रमशक्ति सर्वेक्षण, २०१७/१८ (वि.सं. २०७४) को प्रतिवेदन अनुसार नेपालमा रहेको कुल बालश्रम मध्ये ८७ प्रतिशत बालश्रम कृषि क्षेत्रमा रहेको देखिएको छ । तसर्थ, कृषि क्षेत्रमा बालश्रम निवारण नभएसम्म मुलुकमा समग्र बालश्रम निवारण गर्न सम्भव नहुने देखिएको हुँदा कृषि क्षेत्रमा रहेका बालश्रमलाई प्राथमिकतामा राखी मिति २०८२/१/५ मा मधेश प्रदेशको बर्दिबासमा श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीज्यूको प्रमुख आतिथ्यतामा कृषि क्षेत्रमा बालश्रम निवारण विषयक प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । त्यसैगरी, कृषि क्षेत्रमा रहेका बालश्रमलाई निवारण गर्ने उद्देश्यका साथ कृषि तथा पशुपंशी विकास मन्त्रालय लगायत अन्य सरोकारवालहरूको भूमिका सम्बन्धमा सघन रूपमा छलफल तथा सम्वाद गर्न मिति २०८२/१ /१७ मा श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्रीज्यूको प्रमुख आतिथ्यतामा कृषि क्षेत्रमा बालश्रम निवारण विषयक राष्ट्रिय संवाद कार्यक्रम काठमाण्डौमा सम्पन्न गरिएको थियो ।

बालश्रम निवारणको सम्बन्धमा भएका विद्यमान नीतिगत व्यवस्था अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिबद्धता आगामी दिनमा बनाउनु पर्ने योजना र सम्पादन गर्नुपर्ने कार्यका सम्बन्धमा स्थानीय तह र संघीय सरकारवीच एकरूपता कायम गरी आ-आफ्ने दायित्व र जिम्मेवारी पूरागर्न सघन अन्तरक्रिया/अभिमुखीकरण कार्यक्रमको आवश्यकता भएकोले यस मन्त्रालयले विगत देखि विभिन्न स्थानीयतहहरूमा स्वीकृत बार्षिक कार्यक्रम अनुसार अन्तरक्रिया/अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिदै आईरहेको छ । यसै सन्दर्भमा मन्त्रालयबाट आर्थिक वर्ष २०८०/८१ मा ७ वटा र चालु आ.व. २०८१/८२ मा ३ वटा स्थानीय तहमा अभिमुखीकरण/अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ ।

## ३.७. बालश्रम सम्बन्धी अनुगमन

यस मन्त्रालयले बालश्रम निवारण राष्ट्रिय गुरु योजना (२०७५-२०८५) को कार्यान्वयनको सम्बन्धमा नियमित रूपमा स्थानीय तहहरूको अनुगमन तथा निरीक्षण कार्य गर्दै आईरहेको छ । यसै सन्दर्भमा, आर्थिक वर्ष २०८०/८१ मा बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ बमोजिम बालश्रम मुक्त घोषणा भैसकेका बाणगंगा नगरपालिका, कपिलबस्तु र त्रिबेणी गाउँपालिका, रोल्पाको अनुगमन तथा निरीक्षण गरिएको थियो र आर्थिक वर्ष २०८१/८२ मा भोजपुर नरपालिका र पौवादुङ्गमा गाउँपालिका, भोजपुर, सूर्योदय नगरपालिका, ईलाम को अनुगमन गरी बालश्रम स्थानीय तह घोषणा पश्चात दिगोपनाका लागि स्थानीय तहहरूबाट गरिएका कार्यक्रमहरूको अनुगमन तथा मुल्याङ्कन गरिएको थियो ।

### ३.८. बालश्रममा कार्य गर्ने संस्थाहरूका लागि बालश्रमिकको गोपनीयता सुनिश्चित गर्ने आचारसंहिता निर्माण

कानून विपरीत काममा संलग्न बालबालिकाको अनुगमन, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने सन्दर्भमा बालबालिकाको दीर्घकालीन एवम् सर्वाङ्गिण विकासका लागि बालसंवेदनशील व्यवहार एवम् बालबालिकाको गोपनीयता अत्यन्त मत्त्वपूर्ण हुन्छ । नेपालको संविधान एवम् कानूनले प्रत्याभूत गरे बमोजिम श्रममा संलग्न बालबालिकाको अनुगमन, उद्धार, संरक्षण तथा पुनःस्थापना कार्यमा बालबालिकाको गोपनीयताको अधिकारको सुनिश्चित गर्नु वाञ्छनीय भएकोले बालश्रमिकको गोपनीयता सुनिश्चित गर्ने सम्बन्धी आचारसंहिता तयार गरिएको छ र कार्यान्वयनको चरणमा जाने तयारीमा छ । यो आचारसंहिता बालश्रमिकको गोपनीयता र सर्वोत्तम हित सुनिश्चित् गर्ने कार्यमा न्यूनतम मापदण्डको रूपमा लागू हुनेछ ।

### ३.९. बालश्रम विरुद्ध जनचेतनामूलक समाग्री निर्माण

बालश्रम तथा यसको निवारणका सम्बन्धमा व्यापक प्रचार प्रसार गरी सरोकारवाला तथा आम नागरिकहरूको जनचेतना अभिवृद्धि गरी बालश्रम निवारण गर्ने अभियानलाई थप प्रभावकारी बनाउने उद्देश्यले यस मन्त्रालयले आ.व. २०८१/८२ मा बालश्रम विरूद्धको जनचेतनामूलक ब्रोसर, रेडियो जिङ्गल तथा श्रव्यदृश्य सामग्रीहरू निर्माण गरी राष्ट्रिय संचार माध्यमद्वारा प्रसारण गरेको छ । यस्ता सन्देशहरू विद्युतीय माध्यमबाट संचार गरिने प्रबन्ध समेत मिलाइएको छ ।

परिच्छेद-चार

# नेपालमा बालश्रम स्थितिको तुलनात्मक विश्लेषण

## ४.१. बालबालिकाहरूको जनसांख्यिक विवरण

राष्ट्रिय जनगणना, २०७८ अनुसार नेपालको कूल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। जसमा महिला र पुरुषको लैङ्गिक अनुपात ९५.५९ रहेको छ। वि.सं. २०७८ सालको जनगणना अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ। राष्ट्रिय जनगणना, २०७८ बमोजिम उमेर समूह अनुसारको बालबालिकाहरूको जनसांख्यिक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४ - बालबालिकाको जनसांख्यिक विवरण**

| उमेर समूह | जम्मा बालबालिकाको संख्या | प्रदेश | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेस | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
| ०-५ | ३००७६४८ | ४७२६२५ | ७९९८९७ | ४८८७९२ | २०८१७० | ५४१०५९ | २०४६३८ | २९२४६७ |
| ६-१४ | ५१०७९२७ | ८१६७५१ | १२२८३४५ | ८६४९२२ | ३८०५९८ | ९१९७९८ | ३५४२५३ | ५४३२६० |
| १५-१७ | १७५४००८ | २८४६६३ | ३७३६१९ | ३३३१७१ | १३९०७१ | ३२२१५५ | ११८१५७ | १८३१७२ |
| **जम्मा** | ९८६९५८३ | १५७४०३९ | २४०१८६१ | १६८६८८५ | ७२७८३९ | १७८३०१२ | ६७७०४८ | १०१८८९९ |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

***ग्राफः १- प्रदेशगत रूपमा बालबालिकाको जनसंख्याङ्किक अवस्था***



राष्ट्रिय जनगणना, २०७८ अनुसार बालबालिकाको जनसंख्या सबैभन्दा बढी लुम्विनी प्रदेशमा सत्र लाख त्रियासी हजार बाह्र जना रहेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा छ लाख सत्तहतर हजार अठचालिस जना बालबालिका रहेको छ। त्यसैगरी कोशी, मधेश, बागमती, गण्डकी र सुदूरपश्चिममा क्रमशः १५७४०३९, २४०१८६१, १६८६८८५, ७२७८३९ र १०१८८९९ जना बालबालिका रहेको छ।

## ४.२. उमेर समूहका आधरमा बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात

राष्ट्रिय जनगणना, २०७८ अनुसार १८ वर्ष मुनिका बालबालिकाको संख्या ९८ लाख ६९ हजार ५ सय ८३ रहेको छ। जसमा बालकको संख्या ५११४५०५ (५१.८२ प्रतिशत) र बालिकाको संख्या ४७५५०७८(४८.१८ प्रतिशत) रहेको छ। राष्ट्रिय जनगणना, २०७८ अनुसार उमेर समूह अनुसारको बालबालिकाहरूको जनसांख्यिक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका : ५- उमेर समूहका आधारमा बालबालिकाको जनसंख्या र लैङ्गिक अनुपात**

| उमेर समूह | बालक | बालिका | जम्मा | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| ०-५ वर्षसम्म | १५८९६७४ | १४१७९७४ | ३००७६४८ | ०.८९ |
| ६-१० वर्षसम्म | १४८३०४१ | १३६१७९३ | २८४४८३४ | ०.९२ |
| ११-१५ वर्षसम्म | १४६२९१९ | १४०७३०२ | २८७०२२१ | ०.९६ |
| १६-१७ वर्षसम्म | ५७८८७१ | ५६८००९ | ११४६८८० | ०.९८ |
| **जम्मा** | ५११४५०५ | ४७५५०७८ | ९८६९५८३ | ०.९४ |
| **प्रतिशत** | ५१.८२% | ४८.१८% | १००% | |

*स्रोतः राष्ट्रिय जनगणना, २०७८*

माथिको तालिकाबाट कुल बालबालिकाको जनसंख्यामा बालकको भन्दा बालिकाको संख्या ३,५९,४२७ कम रहेको छ। उमेर समूह अनुसारको लैङ्गिक अनुपात हेर्ने हो भने उमेर समूह १६–१७ वर्षमा ०.९८ रहेको लैङ्गिक अनुपात उमेर समूह ०–५ वर्षमा ०.८९ रहनुले प्रत्येक तल्लो उमेर समूहमा बालक र बालिकाको लैङ्गिक अनुपातको अन्तर बढ्दो क्रममा रहेको देखिन्छ। यसले आगामी दिनमा बालकको भन्दा बालिकाको संख्या उल्लेख्य रूपमा कम हुने संकेत गरेको छ।

## ४.३. नेपालमा बालश्रमको तुलनात्मक अवस्था

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ (वि.सं. २०६४) प्रतिवेदन अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १६ लाख (२०.६ प्रतिशत) बालबालिका बालश्रममा संलग्न रहेको देखाएको थियो। त्यसमध्ये ६ लाख २१ हजार जोखिमपूर्ण प्रकारको बालश्रममा संलग्न रहेको थियो। त्यसको दशवर्ष पछि सम्पन्न नेपाल श्रम शक्ति सर्भेक्षण, २०१७/१८ को प्रतिवेदन अनुसार ५ देखि १७ वर्ष उमेर समूहका १० लाख ८२ हजार

(१५.३ प्रतिशत) बालबालिका बालश्रममा संलग्न रहेका र ती मध्ये २ लाख २२ हजार जोखिमपूरण प्रकारका बालश्रममा रहेको देखिएको छ।

**तालिका: ६ - नेपालमा बालश्रमको अवस्था**

हजारमा

| नेपाल श्रमशक्ति सर्वेक्षण | कुल बालबालिका जनसंख्या | श्रममा संलग्न बालबालिकाको संख्या | जोखिमरहित बालश्रममा संलग्न संख्या | जोखिमपूर्ण बालश्रममा संलग्न संख्या | कृषि क्षेत्रमा संलग्न बालश्रम संख्या | अन्य क्षेत्रमा बालश्रममा संलग्न संख्या |
|---|---|---|---|---|---|---|
| सन् २००८ (वि.सं. २०६४) | ७७७० | १६०० | ९७९ | ६२१ | १३१४ | २८६ |
| सन् २०१७/१८ (वि.सं. २०७४) | ७०७५ | १०८१ | ८६० | २२२ | ९४१ | १४१ |

***स्रोत:*** *नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ र २०१७/१८ (वि.सं. २०६४ र २०७४)*

***ग्राफ: २ – बालश्रमको तुलनात्मक विवरण***




***स्रोत:*** *नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ र २०१७/१८ (वि.सं. २०६४ र २०७४)*

त्यसैगरी, नेपाल श्रमशक्ति सर्वेक्षण, २००८ (वि.सं. २०६४) अनुसार कुल बालबालिकाको १६.९ प्रतिशत बालबालिका कृषि क्षेत्रमा बालश्रममा संलग्न रहेको देखिएको थियो भने वि.सं. २०७४ मा सम्पन्न नेपाल श्रमशक्ति

सर्वेक्षण २०१७/१८ (वि.सं. २०७४) अनुसार उक्त क्षेत्रमा बालश्रम घटेर १३.३ प्रतिशत रहेको देखिन्छ । यसरी नेपालमा बालश्रममा संलग्न भएका बालबालिकाको संख्या क्रमशः घटिरहेको स्थिति रहेको छ ।

## ४.४. प्रदेशगत रूपमा बालश्रम

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ (वि.सं. २०७४) को प्रतिवेदन अनुसार नेपालमा कुल बालश्रमिकको संख्या १० लाख ८१ हजार देखिएको छ। जसमध्ये, सबै भन्दा बढी २ लाख ३ हजार (१९ प्रतिशत) कोशी प्रदेशमा रहेको छ भने सबै भन्दा कम ९४ हजार (९ प्रतिशत) गण्डकी प्रदेशमा रहेको छ। त्यसैगरी मधेश, बागमती, लुम्बिनी, कर्णाली र सुदुरपश्चिममा क्रमशः १६, १०, १८, १२ र १६ प्रतिशत बालबालिका बालश्रममा संलग्न रहेको छ।

***ग्राफः ३ – कुल बालश्रमको आधारमा प्रदेशगत बालश्रम अवस्था***




***स्रोतः*** *नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २०१७/१८ (वि.सं. २०७४)*

प्रदेशगत रूपमा रहेका बालबालिकाहरूको जनसंख्याको आधारमा बालश्रमिकको अवस्था विश्लेषण गर्दा सवभन्दा बढी कर्णाली प्रदेशमा २४.६% बालबालिका बालश्रममा संलग्न रहेको देखियो भने सबभन्दा कम बागमती प्रदेशमा ८.९% बालबालिका बालश्रममा संलग्न रहेको देखिन्छ। त्यसैगरी, कोशी, मधेश, गण्डकी, लुम्बिनी, र सुदुरपश्चिममा क्रमशः १७.६, ११.५, १६.१, १५.८, र २०.८ प्रतिशत रहेको पाईएको छ।

*ग्राफः ४ बालबालिका तथा बालश्रमको प्रदेशगत अवस्था*




| | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदुरपश्चिम |
|---|---|---|---|---|---|---|---|
| बालबालिकाको संख्या | ११५१ | १४९८ | १२३५ | ५८४ | १२३० | ५५६ | ८२१ |
| बालश्रमिकको संख्या | २०३ | १७२ | ११० | ९४ | १९४ | १३७ | १७१ |
| बालश्रम प्रतिशत | १७.६% | ११.५% | ८.९% | १६.१% | १५.८% | २४.६% | २०.८% |

***स्रोतः** नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २०१७/१८ (वि.सं. २०७४)*

## ४.५. जोखिमयुक्त काममा संलग्न बालबालिकाको अवस्था

**नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ (वि.सं. २०६४)** अनुसार नेपालमा कुल बालश्रमिकको संख्या १६ लाख रहेकोमा ६ लाख २१ हजार बालबालिका जोखिमपूर्ण किसिमको बालश्रममा संलग्न रहेको थियो। जसमध्ये २ लाख ४८ हजार बालक रहेको थियो भने ३ लाख ७३ हजार बालिका रहेको थियो। त्यसैगरी **नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २०१७/१८ (वि.सं. २०७४)** अनुसार कुल बालश्रमिकको संख्या १० लाख ८१ हजार रहेकोमा २ लाख २२ हजार बालबालिका जोखिमपूर्ण किसिमको बालश्रममा संलग्न रहेको छ। जसमध्ये १ लाख ३४ हजार बालक रहेको छ भने ८८ हजार बालिका रहेको छ। यसरी दुई वटा सर्वेक्षणको तुलनात्मक विश्लेषण गर्दा जोखिमपूर्ण किसिमको काममा संलग्न बालबालिकाको संख्यामा क्रमशः घट्दै गएको देखिन्छ भने बालिका भन्दा बालकहरूको संख्या जोखिमपूर्ण किसिमको बालश्रममा बढ्दै गएको देखिन्छ।

**तालिका नं -७ - जोखिमयुक्त श्रममा संलग्न बालबालिकाको (५-१७ वर्ष) अवस्थाः**

(हजारमा)

| लिङ्ग | नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ (वि.सं. २०६४) | | | नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ (वि.सं. २०७४) ( सन२०२१) | | |
|---|---|---|---|---|---|---|
| | बालबालिका जनसंख्या | बालश्रममा संलग्न संख्या | जोखिमपूर्ण काममा संलग्न संख्या | बालबालिका जनसंख्या | बालश्रममा संलग्न संख्या | जोखिमपूर्ण काममा संलग्न संख्या |
| बालक | ३९३९ | ६९० | २४८ | ३६३२ | ५०४ | १३४ |
| बालिका | ३८३१ | ९१० | ३७३ | ३४४३ | ५७७ | ८८ |
| जम्मा | ७७७० | १६०० | ६२१ | ७०७५ | १०८१ | २२२ |

*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ र २०१७/१८ (वि.सं. २०६४ र २०७४)*

*ग्राफः ५ – जोखिमपूर्ण काममा संलग्न बालबालिका अवस्था*




*स्रोतः नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ र २०१७/१८ (वि.सं. २०६४ र २०७४)*

## ४.६. क्षेत्रगत रूपमा बालश्रमको अवस्था

**नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ (वि.सं.२०६४)** अनुसार शहरी क्षेत्रमा बालबालिको संख्या जम्मा १० लाख २२ हजार रहेको थियो। जसमध्ये ९४ हजार बालबालिका बालश्रममा संलग्न रहेको थियो। त्यसैगरी ग्रामिण क्षेत्रमा बालबालिकाको संख्या ६७ लाख ४८ हजार रहेकोमा १५ लाख ६ हजार बालबालिका बालश्रमिकको रूपमा संलग्न रहेको थियो। त्यसैगरी, **नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २०१७/१८ (वि.सं.२०७४)** अनुसार शहरी क्षेत्रमा बालबालिको संख्या जम्मा ४३ लाख २१ हजार रहेको छ। जसमध्ये ५ लाख २१ हजार बालबालिका बालश्रममा संलग्न रहेको छ। त्यसैगरी ग्रामिण क्षेत्रमा बालबालिकाको संख्या २७ लाख ५४ हजार रहेकोमा ५ लाख ६१ हजार बालबालिका बालश्रमिकको रूपमा संलग्न रहेको छ। यसरी दुई वटा सर्वेक्षणको तुलनात्मक विश्लेषण गर्दा शहरी क्षेत्रको बालश्रमिकको दर बढ्दो रहेको देखिन्छ भने ग्रामीण क्षेत्रमा घट्दै गएको देखिन्छ।

**तालिकाः ८ - क्षेत्रगत रूपमा बालश्रमको अवस्था**

**हजारमा**

| क्षेत्र | नेपाल श्रमशक्ति सर्वेक्षण, सन् २००८ (वि.सं.२०६४) | | | नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ (वि.सं. २०७४) ( सन२०२१) | | |
|---|---|---|---|---|---|---|
| | बालबालिका जनसंख्या | बालश्रममा संलग्न संख्या | बालश्रमको दर प्रतिशतमा | बालबालिका जनसंख्या | बालश्रममा संलग्न संख्या | बालश्रमको दर प्रतिशतमा |
| **शहरी** | १०२२ | ९४ | ९.१९ | ४३२१ | ५२१ | १२.१ |
| **ग्रामीण** | ६७४८ | १५०६ | २२.३१ | २७५४ | ५६१ | २०.४ |
| **जम्मा** | **७७७०** | **१६००** | | **७०७५** | **१०८१** | |

